सौर्य दैनिक
www.souryaonline.com
वर्ष १३ अंक १७५ सोमबार, २८ साउन २०८१ SOURYA NATIONAL DAILY Monday, 12 August 2024 पृष्ठ : ८ मूल्य रु. ५

## मोदीलाई ओलीको निम्तो



काठमाडौँ । प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका छन् । परराष्ट्र सचिव सेवा लम्सालको निमन्त्रणामा २ दिने नेपाल भ्रमणमा आएका भारतीय विदेश सचिव विक्रम मिस्रीमार्फत् प्रधानमन्त्री ओलीले समकक्षी मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका हुन् । चौथो कार्यकालका लागि प्रधानमन्त्री बनेका ओलीलाई हालसम्म मोदीले निम्तो पठाएका छैनन् ।

भारतीय विदेश सचिव मिस्रीले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष पुष्पकमल दाहालसहित शीर्ष नेताहरूसँग शिष्टाचार भेट गरिसकेका छन् । शीतल निवासमा भएको राष्ट्रपतिसँगको शिष्टाचार भेटमा द्विपक्षीय हित र सम्बन्धका विषयमा कुरा भएको थियो । राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि नेपाल र भारत मिलेर काम गर्नुपर्ने बताए । *(सौस)*

## विद्युत् चुहावट रोकेरै नाफामा प्राधिकरण

काठमाडौँ । ८ वर्षअघि घाटामा रहेको नेपाल विद्युत् प्राधिकरण त्यसयता निरन्तर नाफामा छ । आर्थिक वर्ष २०७२/७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ खुद घाटामा रहेको प्राधिकरणले गत आवमा मात्रै १३ अर्ब ३१ करोड रुपैयाँ नाफा गरेको छ । ८ वर्षअघि ३४ अर्ब ६१ करोड रुपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण गत आवमा ४७ अर्ब ४१ करोड रुपैयाँ सञ्चित नाफामा पुगेको छ ।

गत वर्ष मात्रै १३ अर्ब ३१ करोड रुपैयाँ नाफामा मुख्य हिस्सा विद्युत् चुहावट नियन्त्रण गरेर गरेको थप आम्दानीको छ । विगत ८ वर्षको अवधिमा विद्युत् चुहावटलाई आधा घटाएको प्राधिकरणले यसबापत प्रतिवर्ष करिब १२ अर्ब रुपैयाँ थप आम्दानी गरिरहेको छ ।

विस्तृत पृष्ठ २

**प्रचण्डलाई जनार्दनको चुनौती**

# 'तपाईंकै कारण पार्टी सकियो, नेतृत्व छाड्नुस्'

■ **सौर्य समाचार**

काठमाडौँ । नेकपा माओवादी केन्द्र निरन्तर ओरालो लाग्नुमा मुख्य जिम्मेवार भनेको पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नै हुन् भन्ने आरोप उनकै पार्टीका नेतादेखि कार्यकर्ताबाट लाग्ने गरेको छ । २०७० सालको दोस्रो संविधानसभा निर्वाचन परिणामपछि प्रचण्डमाथि 'पार्टीको उँचो कदलाई झुकाएको' आरोप लाग्यो । २०७४ सालको निर्वाचन र त्यसपछि माओवादी र एमालेबीच भएको असफल एकता होस् वा २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा माओवादीले बेहोरेको हार नै किन नहोस्, यसको दोष प्रचण्डमाथि नै थुप्रिने गरेको छ ।

समग्रमा भन्ने हो भने माओवादीको नेतृत्वप्रति पछिल्लो १ दशकदेखि पार्टीका नेतृत्व पंक्तिदेखि तल्लो तहका नेता र कार्यकर्तासम्म असन्तुष्ट देखिन्छन् । २०७९ सालको निर्वाचन परिणाम नै यसको पहिलो उदाहरण हो । कांग्रेससँगको चुनावी गठबन्धनसँगै नेतृत्वको अदूरदर्शिताले पार्टी ३२ सिटमा खुम्चिएको हो भन्ने आरोप त धेरैजसो नेताहरूले सार्वजनिक रूपमै लगाएका थिए ।

माओवादीभित्रको यही विषयमाथि अहिले पार्टीका उपमहासचिव जनार्दन शर्माले ' पार्टी निर्माणका समस्या, समाधानका उपाय र आगामी कार्यभार' शीर्षकमा आफ्नो प्रतिवेदनमार्फत् नेतृत्वलाई झकझक्याएका छन् । शर्माको त्यही प्रतिवेदनले अहिले पार्टीभित्र एकखालको तरंग पैदा गरिदिएको छ । सत्ताबाट बहिर्गमन भएसँगै माओवादीमा अहिले पार्टी पुनर्निर्माणको प्रश्न पेचिलो बनेको छ भने त्यसको जबाफदेहिताको घेरामा प्रचण्ड छन् ।

माओवादीको जारी स्थायी समिति बैठकमा शर्माले आफ्नो प्रतिवेदन पेस गर्दै प्रचण्डले पार्टीको नेतृत्व छाड्नुपर्ने लिखित प्रस्ताव प्रस्तुत गरेका छन् । उनले प्रतिवेदनमार्फत् प्रचण्डलाई पार्टीको नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्न सुझाव दिएका छन् ।

### प्रचण्डलाई नेतृत्व छाड्न जनार्दनले दिएका ३ विकल्प

शनिबार सुरु भएको स्थायी समिति बैठकमा उपमहाचिव शर्माले आइतबार १४ पृष्ठको प्रतिवेदनमार्फत् ३ वटा विकल्पसहित प्रचण्डलाई नेतृत्व छाड्न सुझाव दिएका छन् । शर्माले पहिलो विकल्पमा नेतृत्व हस्तान्तरण, दोस्रोमा पुस्तान्तरण र तेस्रोमा प्रत्यक्ष निर्वाचनमा जान सक्ने विकल्प अघि सारेका छन् । उनले भनेका छन्, 'पुरानालाई सम्मान, नयाँलाई प्रोत्साहनको मान्यतामा रही यी ३ विकल्पमा जानुपर्छ ।'

शर्माले अघि सारेको पहिलो विकल्प नेतृत्व हस्तान्तरणमा अध्यक्ष प्रचण्डको हालसम्मको योगदानलाई स्थापित गर्न बाँकी समय उनको



पार्टीलाई आमजनताबाट अलगथलग मात्र गरिएन, माथिदेखि तलसम्म परिवारवाद हाबी गराइयो । अब नेतृत्व हस्तान्तरण, नेतृत्व पुस्तान्तरण वा हालको केन्द्रीय कमिटी भंग गरी प्रचण्डको संयोजकत्वमा महाधिवेशन आयोजक समिति बनाई महाधिवेशनमार्फत् प्रत्यक्ष निर्वाचनबाट नयाँ नेतृत्व चयन गर्ने गरी मिति तोकौं ।

**जनार्दन शर्मा**
**उपमहासचिव, नेकपा माओवादी केन्द्र**

भूमिकालाई सुनिश्चित गर्न वैचारिक काम र सत्ताको नेतृत्व गर्ने जिम्मेवारीसहित सांगठानिक क्षेत्रको भूमिका प्रचण्डले चाहेको व्यक्तिलाई हस्तान्तरण गर्ने भन्ने छ । यस विकल्पमार्फत् शर्माले प्रचण्डको योगदानलाई स्थापित गर्न प्रचण्ड आफैंभन्दा पनि अरूले गर्नु उचित हुने आशय व्यक्त गरेका छन् ।

त्यस्तै, शर्माले राखेको दोस्रो विकल्प अर्थात् नेतृत्व पुस्तान्तरणमा प्रचण्डलाई माओवादीको संरक्षकको भूमिका र अरू पदाधिकारीलाई सल्लाहकारमा राखेका छन् । शर्माको प्रतिवेदनमा भनिएको छ, ' प्रचण्डले संरक्षकको भूमिकामा रही वैचारिक प्राधिकार र सत्ताको नेतृत्व गर्ने । हालका पदाधिकारीहरू सल्लाहकारको भूमिकामा रही विभागीय काम, अनुगमन, मूल्यांकन, स्कुलिङ, प्रशिक्षण गर्ने र तेस्रो तहका युवाहरूलाई कार्यकारी सांगठनिक नेतृत्व हस्तान्तरण गर्ने ।'

बाँकी पृष्ठ २

**भ्रष्टाचारमा हदम्याद**

## 'भ्रष्टाचारी उम्काउने छिद्र नबनाऔं'



■ **सौर्य समाचार**

काठमाडौँ । संघीय संसद्मा विचाराधीन भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा भाग लिने अधिकांश सांसद भ्रष्टाचार मुद्दामा हदम्याद नराखी कसुरदारको जीवनकालभर अनुसन्धान गर्न पाउनुपर्ने पक्षमा उभिएका छन् । यद्यपि केही सांसदले भने ५ वर्षको हदम्याद राखेर जानुपर्ने धारणा राखेका छन् ।

आइतबार बसेको प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा विधेयकमाथि संशोधन हालेका सांसदहरूले भ्रष्टाचारजन्य कसुरको कारबाहीमा ५ वर्षे हदम्याद राख्न नहुने धारणा राखेका हुन् ।

५ वर्षअघि राष्ट्रियसभामा पेस भएको विधेयकमाथि प्रतिनिधिसभाको समितिमा छलफल सुरु भएसँगै मुख्य दुइटा प्रावधानमाथि बहस केन्द्रित भएको हो । सरकारले ल्याएको विधेयकमा भ्रष्टाचारमा हदम्याद ५ वर्ष मात्रै हुने प्रस्ताव गरिएको छ भने अख्तियारलाई निजी क्षेत्र पनि हेर्न दिने कि नदिने भन्ने विषय पेचिलो बनेको हो ।

संशोधन हाल्ने सांसदहरूले ठुला भ्रष्टाचारमा जोडिएका उच्च पदस्थ कर्मचारी र राजनीतिक नेतृत्वलाई उन्मुक्ति दिने तयारीका साथ ५ वर्षे हदम्याद राख्न खोजिएको आशंका गरेका छन् । राजनीतिक दल निकट व्यक्ति नै अख्तियार प्रमुख नियुक्त हुने हुँदा शीर्ष नेताकै स्वार्थअनुकूल अख्तियारले ५ वर्षसम्म मुद्दा अल्झाएर त्यसपछि मुद्दा नचलाउने षड्यन्त्र हुन सक्ने उनीहरूको बुझाइ छ । भ्रष्टाचारका मुद्दाको छानबिन तुरुन्तै नहुने हुँदा अनुसन्धानमै ५ वर्ष गुजारेर त्यसपछि मुद्दा नै नचल्ने अवस्था आउँदा ठुला भ्रष्टाचार काण्डमा संलग्नहरूले उन्मुक्ति पाउने अवस्था बन्ने देखिन्छ ।

आफ्नो संशोधनबारे प्रष्ट पार्दै सांसदहरूले भ्रष्टाचार गर्नेहरूलाई उसको जीवनकालभर अनुसन्धान गरी कारबाही गर्न सक्ने प्रावधान राखेर जानुपर्नेमा जोड दिएका छन् । उनीहरूले देश विकासको बाधक मानिएको भ्रष्टाचार निर्मूल पार्न यसमा संलग्नलाई हदैसम्मको सजाय राख्नुपर्ने बताए ।

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले भ्रष्टाचार मुद्दामा ५ वर्षे हदम्याद राखेर भ्रष्टाचारीलाई उम्काउने र संरक्षण गर्ने नीति राख्न नहुने बताए । ५ वर्षको हदम्याद स्वीकार्य नहुने भन्दै उनले भ्रष्टाचारजन्य गतिविधिमा संलग्न व्यक्तिलाई उसको जीवन अवधिभरमा कारबाही गर्न सकिने व्यवस्था गर्नुपर्ने बताए ।

'हामीले यदि यही ५ वर्षको हदम्यादभित्रै भ्रष्टाचारीलाई उम्काउने, पन्छाउने र भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने नीति बनाएर जाने हो भने त्यसबाट पर्ने नकारात्मक प्रभावलाई ध्यान दिनु जरुरी छ । यसलाई संसद्भित्रको बहुमत र अल्पमतका आधारमा नभई राष्ट्रिय जनभावनाको दृष्टिकोणले हेर्नु आवश्यक छ,' केसीले भने, 'जुन ५ वर्षको अवधि भनिएको छ । यो ५ वर्षको अवधि स्वीकार्य हुन सक्दैन । भ्रष्टाचार वा भ्रष्टाचारजन्य गतिविधिमा संलग्न व्यक्तिलाई कारबाही गर्ने म्याद उसको जीवनकालभर हुनुपर्छ ।'

यता, सांसद सोविता गौतमले भने भ्रष्टाचार गरिएको रकमका आधारमा सजायको वर्गीकरण गर्नुपर्ने धारणा राखिन् ।

बाँकी पृष्ठ २

**■ नेप्सेले पार गऱ्यो २८०० को मनोवैज्ञानिक विन्दु**

## कारोबार रकम र बजार पुँजीकरणमा नयाँ रेकर्ड



■ **सौर्य समाचार**

काठमाडौँ । साताको पहिलो कारोबार दिन आइतबार सेयर बजार मापक नेप्से परिसूचक उल्लेख्य बढ्दा कारोबार रकममा नयाँ कीर्तिमान कायम भएको छ । यस दिन नेप्से ९४ दशमलव ४६ अंकले उकालो लाग्दा इतिहासकै सबैभन्दा बढी रकमको कारोबार भएको हो ।

आइतबार २५ अर्ब ७७ करोड ९४ लाख ५३ हजार ५०९ रुपैयाँको सेयर कारोबार भएको छ । यसअघि २२ साउनमा २३ अर्ब ७१ करोडको कारोबार गरेर बनेको रेकर्ड ५ दिनमै तोडिँदै पौने २६ अर्बको कारोबार भएको हो । कारोबारले नयाँ रेकर्ड बनाउँदै गर्दा नेप्से परिसूचक पनि ३० महिनायताकै उच्च विन्दुमा पुगेर रोकिएको छ । यसअघि २०७८ माघ २० गते नेप्से २८७६ दशमलव ७४ विन्दुमा थियो ।

नेप्से परिसूचक ९४ दशमलव ५३ अंकले बढ्दा २८६० दशमलव ८४ को विन्दुमा कायम भएको छ । अघिल्लो कारोबार दिनको तुलनामा यो ३ दशमलव ४१ प्रतिशतले बढी हो । यससँगै सेयर बजारको मनोवैज्ञानिक प्रतिरोध मानिएको २८०० को अंक पनि तोडिएको छ ।

यस्तै, बजार पुँजीकरणमा पनि नेप्सेले नयाँ कीर्तिमान कायम गरेको छ । आइतबार सेयर बजारको पुँजीकरण (नेप्सेमा सूचीकृत सेयरको कुल मूल्य) ४५ खर्ब ४१ अर्ब पुगेको छ । यसअघि २०७८ भदौ २ गते नेप्सेले ३१९८ अंकको अल टाइम हाई रेकर्ड बनाउँदा बजार पुँजीकरण ४४ खर्ब ६८ अर्ब रुपैयाँ पुगेको थियो । नेप्सेको सो रेकर्ड ब्रेक हुन नपाउँदै बजारको आकारले रेकर्ड तोडेको हो ।

आइतबार ३३० वटा कम्पनीको ६ करोड ३ लाख २१ हजार ३२३ कित्ता सेयर २ लाख ७५ हजार २०७ पटक किनबेच भयो । यस दिनको कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा बढी जीवन बिमा समूहको उपसूचक ४ दशमलव ५३ र लघुवित्त समूहको ४ दशमलव ३९ प्रतिशतले बढेको छ । यस्तै, बैंकिङ ३ दशमलव ३५, विकास बैंक २ दशमलव ५८, फाइनान्स ३ दशमलव ४९, होटल तथा पर्यटन शून्य दशमलव ९०, जलविद्युत् ३ दशमलव ९३, लगानी ४ दशमलव १२ र उत्पादन तथा प्रशोधन समूह १ दशमलव ७५ प्रतिशतले बढेको छ ।

बाँकी पृष्ठ २

## विद्युत् चुहावट रोकेरै नाफामा प्राधिकरण

# ८ वर्षमा आधा घट्यो चुहावट, वार्षिक थप १२ अर्ब आम्दानी

■ सौर्य समाचार

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले विगत ८ वर्षको अवधिमा प्रसारण तथा वितरण प्रणालीमार्फत् भइरहेको विद्युत् चुहावटलाई आधा घटाएको छ । आर्थिक वर्ष २०७२/७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत भइरहेको विद्युत् चुहावटलाई यस अवधिमा आधा घटाएर गत आव २०८०/८१ मा १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको छ ।

विद्युत् चुहावटमध्ये प्रसारण लाइनतर्फ ३ दशमलव ३३ प्रतिशत र वितरणतर्फ ९ दशमलव ४० प्रतिशत छ । ८ वर्षअघि २५ दशमलव ७८ प्रतिशत चुहावटमध्ये १९ दशमलव ८० प्रतिशत वितरण र बाँकी प्रसारणतर्फ थियो । विद्युत् चुहावटलाई आव २०७३/७४ मा २२ दशमलव ९० प्रतिशत, २०७४/७५ मा २० दशमलव ४५ प्रतिशत, २०७५/७६ मा १५ दशमलव ३२ प्रतिशत, २०७६/७७ मा १५ दशमलव २७ प्रतिशतमा झारिएको थियो । आव २०७७/७८ मा भने चुहावट बढेर १७ दशमलव १८ प्रतिशत पुगेको थियो । त्यसपछि चुहावटलाई आव २०७८/७९ मा १५ दशमलव ३८ र आव २०७९/८० मा १३ दशमलव ४६ प्रतिशतमा झारिएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाएर ८ वर्षको अवधिमा चुहावट नियन्त्रणमा ठुलो सफलता हासिल भएको बताए । घिसिङले लोडसेडिङ अन्त्य भई नियमित रूपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमले वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा सकारात्मक प्रभाव परेको उल्लेख गरे । 'प्रणालीमा विद्युत् चुहावट हुँदा प्रत्यक्ष रूपमा अर्बौं रकम आम्दानी गुमिरहेको थियो, प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट वितरणतर्फको विद्युत् चुहावट उल्लेख्य रुपमा घटी यो अनुपात छिमेकी देशहरूभन्दा कम भएको छ,' कार्यकारी निर्देशक घिसिङले भने ।

'चुहावट नियन्त्रणबाट मात्र यस अवधिमा प्रतिवर्ष करिब १२ अर्ब रुपैयाँ थप आम्दानी भएको छ, गुमिरहेको रकम उठाउन सफलता मिल्दा यसको प्रत्यक्ष सकारात्मक प्रभाव प्राधिकरणको नाफामा देखिएको छ, नाफाबाट आर्जन भएको रकमलाई प्रणाली विस्तार र सुधारमा लगानी गरिरहेका छौं, अब चुहावटलाई एकल अंकमा झार्ने लक्ष्य राखी काम अगाडि बढाइरहेका छौं ।'

आव २०७२/७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ खुद नोक्सानीमा रहेको प्राधिकरणले आव २०७३/७४ मा १ अर्ब ५० करोड रुपैयाँ खुद नाफा कमाएको थियो । त्यसपछि निरन्तर नाफामा रहेको प्राधिकरणको नाफा गत आवमा १३ अर्ब ३१ करोड रुपैयाँ (अन्तिम लेखापरीक्षण हुन बाँकी) पुगेको छ । ८ वर्षअघि ३४ अर्ब ६१ करोड रुपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण गत आवमा ४७ अर्ब ४१ करोड रुपैयाँ सञ्चित नाफामा पुगेको छ ।

ठुला क्षमताका प्रसारण लाइन तथा सबस्टेसन सञ्चालन, सबस्टेसन क्षमता वृद्धि तथा सुदृढीकरण, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्री फेज तथा स्मार्ट मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायत कदमले प्राविधिक चुहावट नियन्त्रण भएको हो । घिसिङले वितरण तथा ग्राहक सेवाअन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृह प्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएको बताए ।

प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारबाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ । प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रहरूलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई सोहीअनुसार क्रियाकलापहरू सञ्चालन गरिरहेको छ ।

---

### तपाईंकै कारण...

शर्माले अघि सारेको तेस्रो विकल्पमा प्रत्यक्ष निर्वाचनमार्फत् नेतृत्वको चयन गर्नुपर्ने र त्यसका लागि हालको केन्द्रीय कमिटी भंग गरी प्रचण्डकै संयोजकत्वमा महाधिवेशन आयोजक समिति बनाउनुपर्ने रहेको छ । शर्माले ३ वटा विकल्प प्रस्तुत गर्नुपूर्व त्यसको कारण उल्लेख गर्दै भनेका छन्, 'हाम्रो पार्टी र आन्दोलनमा अन्तरसंघर्ष र 'दोहोरो लाइन' संघर्ष सञ्चालन गर्ने सन्दर्भमा एकथरीले अन्धसमर्थन गर्ने र अर्को थरीले वर्ग संघर्षकै रूपमा बुझ्ने प्रवृत्ति हावी छ । यसलाई पार्टी निर्माण र नयाँ परिस्थितिअनुसार रूपान्तरण र विकासको अर्थमा बुझ्ने चेतना अभिवृद्धि गर्न जरुरी छ ।'

जनार्दनको उक्त प्रतिवेदन र त्यसमा प्रस्तुत गरिएका सुझावहरूलाई हेर्ने हो भने उनी प्रचण्डको नेतृत्वप्रति पूर्ण असन्तुष्ट देखिन्छन् । अबको २ वर्षपछि हुने माओवादीको नवौं महाधिवेशनलाई पनि नकुरी तत्कालै नेतृत्व परिवर्तन गर्नुपर्छ भन्ने उनको भनाइले पनि प्रचण्डप्रति जनार्दन रुष्ट रहेको प्रष्ट हुन्छ ।

हुन पनि माओवादीको नेतृत्वमा विगत ३५ वर्षदेखि एकलौटी प्रचण्ड छन् । २०४६ सालदेखि अहिलेसम्म माओवादीको बागडोर प्रचण्डको हातबाट बाहिर जान सकेको छैन । २०४६ सालमा नेकपा मसालको महामन्त्री, २०४८ सालमा नेकपा एकता केन्द्रको महामन्त्री, २०५१ सालमा तत्कालीन नेकपा एकता केन्द्र र तेस्रो विस्तारित बैठकपछि बनेको नेकपा माओवादीको महामन्त्री हुँदै २०५७ सालमा भएको नेकपा माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनबाट प्रचण्ड अध्यक्ष बनेका थिए ।

प्रचण्डले २०५२ सालदेखि सुरु भएको जनयुद्धको पनि नेतृत्व गरे । पछि २०५८ मा जनमुक्ति सेना नेपालको सर्वोच्च कमान्डर हुँदै माओवादीको नेतृत्वमा रहिरहे । २०६९ सालमा हेटौंडामा भएको राष्ट्रिय सम्मेलन र २०७० मा विराटनगरमा सम्पन्न एकता महाधिवेशनबाट पनि उनै प्रचण्ड अध्यक्षमा सर्वसम्मत हुँदै आए । यो शृंखला फेरि दोहोरियो र २०७८ सालमा काठमाडौंमा सम्पन्न आठौं महाधिवेशनबाट पनि उनी नै सर्वसम्मत भए । यसबीच २०७४ देखि २०७७ सम्म माओवादी र एमालेबीच एकता भएर बनेको नेकपाका दुईमध्ये एक अध्यक्ष पनि उनै प्रचण्ड थिए ।

### जनार्दनले औंल्याएका ९ समस्या

जनार्दन शर्माले माओवादीमा देखिएका समस्यालाई पनि आफ्नो प्रतिवेदनमार्फत् उजागर गरेका छन् । ९ वटा समस्या देखाउँदै उनले त्यसको सविस्तार वर्णन पनि गरेका छन् । माओवादी आन्दोलनमा आफ्नो जीवन समर्पण गरेका महिला, जनजाति, दलित, सीमान्तकृत, मधेसी, उत्पीडित वर्ग र समुदाय बिस्तारै आन्दोलनबाट अलग हुँदै गएको, छरपष्ट हुँदै गएको जनमतबारे चिन्ता जाहेर गर्ने संस्थागत परिपाटी निर्माण हुन नसकेको तथा पार्टीभित्र अन्तरसंघर्ष सञ्चालन र व्यवस्थापन गर्ने कार्यप्रति अरुचि बढ्दै गएको र फरक मतको सम्मान गर्ने संस्कार मासिँदै गएको जस्ता कारण उनको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

त्यस्तै, उनले माओवादीमा देखिएको अर्को समस्याका रूपमा पार्टीभित्र मौलाएको परिवारवादलाई पनि राखेका छन् । उनले यसलाई सीधै माओवादी अध्यक्ष प्रचण्डप्रति लक्षित गरेका छन् । माओवादीमा विशेष गरी प्रचण्डले परिवारवाद लादेको प्रष्टसँग देखिन्छ । प्रचण्डले आफ्ना छोरी, बुहारी, दाइदेखि नातेदारसम्मलाई अवसर प्रदान गर्दैगर्दा पार्टीमै आफ्नो जीवन व्यतित गरेकाहरू अहिलेसम्म पनि अवसरबाट वञ्चित भइरहेका छन् । प्रतिवेदनमा भनिएको छ, 'पार्टीलाई आमजनताबाट अलगथलग मात्र गरिएन, माथिदेखि तलसम्म परिवारवाद हावी गराइयो ।'

त्यसैगरी पार्टीभित्र मुद्दा विशेषमा कमी कमजोरीबारे छलफल र बहसलाई विषयान्तर गर्न पार्टी फुट्दै छ भन्ने हल्ला चलाइएको, विधि, पद्धतिभित्र सञ्चालित सही आचरणयुक्त पार्टी बनाऔं र चलाऔं भन्दा डर मान्नुपर्ने, धक मान्नुपर्ने, लाञ्छित हुनुपर्ने अवस्था सिर्जना गरिएको, पार्टी सञ्चालनको मूल्य मान्यता, विधि, पद्धतिको धज्जी उडाइएका कारण न प्रणालीको स्थापना न संगठनको स्वरुप र कमिटीहरू कतिबेला के बन्छ भन्ने कुरा अन्योलग्रस्त रहेको विषय पनि उल्लेख गरेका छन् ।

'संघर्षबाट शान्तिमा आएको माओवादी लक्ष्यविहीन र एजेन्डाविहीन हुँदै समाज रूपान्तरणको अभियान बिस्तारै आफ्नो निजी स्वार्थ र सुविधा उन्मुख भयो । एकथरी नेताकार्यकर्ता पद र सुविधा तथा अर्कोथरी अभाव र पीडामा भौँतारिने वातावरण निर्माण भयो,' शर्माले भनेका छन्, 'राष्ट्रलाई संविधानसभा, संघीयता, समावेशी लोकतन्त्रको मार्गचित्रमा डोहोऱ्याएको माओवादी आफैं किंकर्तव्यविमुढ हुन पुग्यो । शान्ति प्रक्रियापछिका लगभग २ दशकसम्म कार्यकर्ताहरूको उचित व्यवस्थापन त परै जाओस्, उनीहरू कामविहीन भए । ती कार्यकर्ता क्रियाशील बनाउने स्पष्ट एजेन्डा र कार्यक्रम भएन ।'

जनार्दनले आफ्नो प्रतिवेदनमार्फत् उठाएको अर्को गम्भीर विषय हो- पार्टीप्रतिको जनादेश । उनले १० वर्षे सशस्त्र द्वन्द्वपछि जनतामा माओवादीप्रतिको आशा क्षयीकरण बन्दै गइरहेको र अहिले माओवादीसँग देखाउन संविधानबाहेक अरू केही पनि नरेको बताएका छन् । शर्माले भनेका छन्, 'माओवादी पार्टी योजनाविहीन र संगठनविहीन बन्न पुग्यो, आज हामीसँग संविधानका अलावा न जनाधार छ, न संगठन छ । केही सीमित उपलब्धिबाहेक न कुनै देखाउन लायक काम छन्, न हाम्रो मौलिक विकासको मोडेल छ ।'

त्यस्तै, निर्वाचनपिच्छे पार्टी खुम्चिरहेकोप्रति नेतृत्वलाई अवगत गराउँदै त्यसको मुख्य कारण आफूहरूले जनतामा दिएको नारा र आश्वासन पूरा गर्न नसकेको शर्माले स्पष्ट पारेका छन् । त्यसयता पटक-पटक सरकारको नेतृत्वमा माओवादी पुगे पनि जनतालाई दिएको नारा बिर्सिएर पार्टी नेताहरूको शैली राजा-महाराजा जस्तो भएको उल्लेख गरेका छन् ।

'हाम्रो पार्टी साँघुरिदै जानुको मूल कारण जनता नभएर हामीले उठाएका नारा, दिएका आश्वासन हामी सरकारमा हुँदा पूरा नभएर हो । शान्ति प्रक्रियामा आएयता हाम्रो तौरतरिका युद्धकालीनभन्दा फरक नभएको, जनसम्बन्ध, जनसम्पर्क वा हाम्रा च्यानलहरू सही नभएको, हाम्रो बसाइ उठाइ, रहनसहन राजा-महाराजाको जस्तो भएको जनताले मन पराएनन्,' शर्माको प्रतिवेदनमा भनिएको छ ।

२०६५ सालयता माओवादीको नेतृत्वमा ४ पटक सरकार बनिसकेको छ भने हरेक सरकारमा आफ्नो प्रतिनिधित्व सुनिश्चित गर्दै आएको छ । तर पनि पार्टी भने सधैं आरालो लाग्दै गएको हरेक निर्वाचन परिणामले देखाएका छन् । २०६४ मा पहिलो दल बनेको माओवादी अहिले तेस्रो स्थानमा छ । उनले भनेका छन्, '२०६४ सालको चुनावका बेला १२० सिटमा हामीलाई बहुमत दिने मतदाता र निर्वाचन क्षेत्र प्रायः सबै हामीबाट खोसिएका छन् । पहिलो संसदीय निर्वाचनमा हामीलाई प्राप्त ३१ लाख मतदाताको अभिमत अहिले खस्किरहेको छ । त्यसपछिका चुनावमा कुल मतदाता संख्या बढे पनि हामी भने निरन्तर १४ लाख, ११ लाख हुँदै अझ खुम्चिनेतिर उन्मुख छौं ।'

२०६५ सालमा गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री, २०६८, २०७३ र २०७९ मा गरी ४ पटक माओवादीको नेतृत्वमा सरकार बनिसकेको छ । जसमा २०६८ मा बाबुराम भट्टराई प्रधानमन्त्री बनेका थिए भने बाँकी ३ पटक प्रचण्ड प्रधानमन्त्री बने । नेतृत्वको हिसाबमा प्रचण्ड सधैं सफल नेताका रूपमा चिनिन्छन्, तर पार्टीका लागि होइन, आफ्ना लागि ।

२०६४ सालको संविधानसभा निर्वाचनमा काठमाडौं-१० र रोल्पा-२ बाट र २०७० को दोस्रो संविधानसभामा सिरहा- ५ बाट, २०७४ को पहिलो प्रतिनिधिसभा निर्वाचनमा चितवन-३ बाट र २०७९ को दोस्रो प्रतिनिधिसभा निर्वाचनमा गोरखा-२ बाट निर्वाचित प्रचण्ड निर्वाचित हुँदै गर्दा ती सबै निर्वाचनमा माओवादी भने ओरालो मात्र लागेको देखिन्छ ।

### कारोबार रकम...

म्युचुअल फन्ड शून्य दशमलव ०१, निर्जीवन बिमा ३ दशमलव ४५, व्यापार २ दशमलव ९१ र अन्य समूह २ दशमलव ५१ प्रतिशतले बढेको छ ।

आइतबार नेसनल हाइड्रोपावर, नेरुडे मिर्मिरे लघुवित्त, हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टेमेन्ट एन्ड डेभलपमेन्ट, खानीखोला हाइड्रोपावर, आँखुखोला जलविद्युत् कम्पनी, अपर तामाकोसी हाइड्रोपावर, शुभम् पावर, आत्मनिर्भर लुघवित्त र मिड सोलु हाइड्रोपावर गरी ९ वटा कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । निफ्रा र थ्री स्टार हाइड्रोपावरको मूल्य ९.८ प्रतिशत बढ्यो ।

कुथेली बुखारी स्मल हाइड्रोपावरको सेयर मूल्य भने १० प्रतिशत घट्दै नकारात्मक सर्किट लागेको छ भने सिटिजन सुपर ३० म्युचुअल फन्डको मूल्य ७.५४ प्रतिशतले घट्दा युनिलिभर नेपालको सेयर मूल्य ३.८५ प्रतिशत घट्यो । यस्तै, आइसिएफसी फाइनान्सको सेयर मूल्यमा ३ दशमलव ६३ र सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम ३ दशमलव ६१ अंकले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेड अग्रस्थानमा रह्यो । सो कम्पनीको १ अर्ब ५२ करोड २ लाख ४७ हजार ३७० रुपैयाँ बराबरको कारोबार भएको छ । यस्तै, दोस्रो बढी कारोबार गर्ने कम्पनी शिवम् सिमेन्ट बनेको छ । उक्त कम्पनीको १ अर्ब १६ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । आइतबार सबैभन्दा बढी अपर तामाकोसी हाइड्रोपावरको सेयर संख्या किनबेच भएको छ । यस कम्पनीको २४ लाख ५१ हजार ६८६ कित्ता सेयर किनबेच भएको छ ।

### भ्रष्टाचारी उम्काउने...

उनले १ करोड रुपैयाँदेखि २० करोड रुपैयाँसम्म भ्रष्टाचार गर्नेलाई ८ देखि १० वर्षसम्म कैद गर्नुपर्ने बताउँदै २० देखि ५० करोड भ्रष्टाचार गर्नेलाई १० देखि १५ वर्ष, ५० करोडदेखि १ अर्ब भ्रष्टाचार गर्नेलाई १५ देखि २० वर्ष र १ अर्बभन्दा बढी भ्रष्टाचार गर्नेलाई २० वर्षदेखि कसुरदारको मृत्यु नहुन्जेलसम्म कैद हुने प्रावधान राख्नुपर्ने प्रस्ताव गरिन् ।

सांसद नारायणी शर्माले भ्रष्टाचार, अनियमिततामा संलग्न व्यक्तिलाई अनुसन्धान गरी कारबाही गर्न कुनै हदम्याद राख्न नहुनेमा जोड दिइन् । 'जहिले भ्रष्टाचार तथा अनियमितता भएको थाहा हुन्छ, त्यतिबेला पनि कारबाही गर्ने बाटो खुला राख्नुपर्छ,' उनले भनिन्, 'भ्रष्टाचारीलाई कारबाही गर्न हदम्याद राख्न हुँदैन ।'

सांसद ज्ञानु बस्नेत सुवेदीले भ्रष्टाचारमा संलग्नलाई दिइने दण्ड सजायलाई कडा बनाइनुपर्नेमा जोड दिँदै भ्रष्टाचारका ठुला घटनामा संलग्नलाई जन्मकैदको व्यवस्था हुनुपर्ने धारणा राखिन् भने रञ्जुकुमारी झाले एक पटक भ्रष्टाचारी प्रमाणित भएको व्यक्ति सधैंको भ्रष्टाचारी हुने भन्दै त्यस्तो घटनामा संलग्नलाई कडा सजायको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् । 'भ्रष्टाचार गम्भीर अपराध हो, त्यस्ता कार्यमा संलग्न व्यक्तिका लागि यो बानी पनि हो । तसर्थ गलत बानी सुधार गर्न र अरूलाई सजग बनाउन कडा सजायको व्यवस्था गर्नुपर्छ', उनले भनिन् ।

यस्तै, सांसद रोशन कार्कीले भ्रष्टाचार निवारणका लागि राजनीतिक प्रतिबद्धता र कार्यान्वयन अत्यन्त महत्वपूर्ण रहेको भन्दै भ्रष्टाचारीलाई अनुहार हेरेर दयामाया गर्न नहुने बताइन् । 'भ्रष्टाचारीप्रति दया, माया नगरौं, कठोर बनौं,' उनले भनिन्, 'भ्रष्टाचारमा संलग्नलाई जुनसुकै बेला पनि कारबाही हुने प्रावधान राखौं ।' सांसद मनिष झाले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय अभिसन्धि अनुकूलका व्यवस्था राखेर विधेयक संशोधन गर्नु उपयुक्त हुने बताए ।

तर, सांसद श्यामकुमार घिमिरेले सरकारले प्रस्तुत गरेको विधेयकमा भएको कसुर र सजायमा थप गर्न आवश्यक नभएको धारणा राखे । उनले कठोर सजाय राखेर मात्रै भ्रष्टाचार निवारण नहुने भन्दै त्यसका लागि विविध प्रविधि अवलम्वन गर्नुपर्ने उल्लेख गरे । जतिसुकै क्रुर अपराधीलाई पनि कठोर सजाय दिइने व्यवस्था लोकतन्त्रको मर्यादाभित्र नपर्ने उनको भनाइ छ । उनले निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउन नहुने पनि बताए ।

उनले भने, 'विधेयकमा भएको कसुर र सजायमा थप गर्न आवश्यक छैन । पर्याप्त व्यवस्था गरिसकिएको छ । अथ थप सजायको व्यवस्था गर्ने कुरा आवश्यक छैन । चीनमा भ्रष्टाचारीलाई फाँसी दिने कानुन छ, तर त्यहाँ भ्रष्टाचार अन्त्य भएको छैन । कठोर सजाय राखेर भ्रष्टाचार निवारण हुने होइन ।'

यस्तै, सांसद नागिना यादवले पनि भ्रष्टाचारको मुद्दामा हदम्याद राखेर जानुपर्ने बताइन् । उनले विधेयकमा भएको कसुर र सजाय थप गर्न आवश्यक नभएको बताइन् । 'सरकारले जुनसुकै बेला जुनसुकै संस्था वा कम्पनी र व्यक्तिमाथि प्रहार गर्ने असीमिति अधिकार प्रदान गर्छ । यो अहिलेको प्रस्तावनाले असीमित दायरामा राख्ने अधिकार दिएको जस्तो देखिन्छ । सीमित गर्नुपर्छ,' उनले भनिन्, 'कानुनको पनि दायरा हुन्छ । हद तोक्नुपर्छ । विधेयकमा भएको कसुर र सजाय थप गर्न आवश्यक छैन । भएकै कानुन पुग्दो छ ।'

सांसद प्रेम सुवालले अत्यधिक सम्पत्ति मोहले पनि भ्रष्टाचारका घटना बढेको दाबी गर्दै सरकारी राजस्व दुरुपयोग गरी अनावश्यक संरचना निर्माण गर्ने विषयलाई पनि भ्रष्टाचारको स्वरुप मान्नुपर्ने बताए ।

बैठकमा सांसद हृदयराम थानीले दफावार छलफल सुरु हुनुअगावै विधेयकका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँग छलफल गर्नु उचित हुने धारणा राखेका थिए । त्यसपछि समिति सभापति रामहरि खतिवडाले अख्तियारका पदाधिकारीसँगको छलफलपछि विधेयकमाथि दफावार छलफल अघि बढाइने बताए ।

आइतबारको समिति बैठकले विधेयकको प्रस्तावना र नाम पारित गरेको छ । बैठकमा गृहमन्त्री रमेश लेखकले समितिको संशोधन सरकारलाई स्वीकार्य भएको उल्लेख गर्दै समितिबाट यथाशीघ्र टुंग्याइदिन आग्रह गरे ।


**मोटरसाइकल हरायो**

निम्न व्यहोरा भएको मोटरसाइकल मिति २०८१/०३/०९ गते राती धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं. ८, जमुनिवासबाट हराएको हुँदा भेटनु हुने महानुभावले तपसीलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनहुन अनुरोध छ ।

नाम : दिलिप कुमार कुशवाहा
ठेगाना : सिरहा जिल्ला असनपुर ७
दर्ता नं : .PRA 2/02/002 PA0408
इन्जिन नं : G3J3E0475940
चेसिस नं : ME1RG44B7K0043278

**बलेफी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बलेफी, सिन्धुपाल्चोक**
**वागमती प्रदेश, नेपाल**

**बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने सुनकोशी नदिको जुरेदेखि बलेफी बजारको कपिलेश्वर महादेवस्थानसम्मको ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् शुल्क उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/२८
ठेक्का नं. १/२०८१/०८२

यस गाउँपालिकाको सुनकोशी नदी किनाराका विभिन्न स्वीकृत स्थानहरुबाट निकासी गरिने ढुंगा, गिट्टी, बालुवाको शुल्क बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८१ मा उल्लेखित दरमा बोलपत्रको माध्यमबाट बढाबढ गरी संकलन गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो नागरिकताको प्रतिलिपी, फर्मको हकमा दर्ता तथा नविकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नियमानुसारको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्वघोषणा पत्र सहित यो सूचना प्रकाशित भएको मितिले ३१ दिनभित्र रितपूर्वकको विद्युतीय बोलपत्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको website https;//ppmo.gov.np/egp मा रहेको site प्रयोग गरी पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराइएको छ ।

| शुल्क उठाउन पाउने दररेट | कारोबार योग्य अधिकतम परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक (मू.अ.क.बाहेक) | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|
| प्रति घनफिट रु. ७/- | ३३१९१४.२४ | २३२३३९९.६८ | २०८१ भाद्र २६ गते बुधबार दिउँसो १२ बजेभित्र | २०८१ भाद्र २६ गते बुधबार दिउँसो १ बजे |

१. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
२. बोलपत्र सम्वन्धी थप जानकारिको लागी PPMO को Website अथवा बलेफी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नसक्नुहुने छ ।
३. बोलपत्र कागजमा उल्लेख भएका शर्तहरु लागु हुनेछन

प्रमुख प्रशासकीय अधिकृत

**Vacancy Announcement**

Progressive Finance Limited, a reputed National level finance company invites applications for vacant positions in various branches/departments and for new branch, for various positions (Branch Manager, Relationship Manager, Operation In-charge, Customer Service & Teller).

Interested candidates are requested to login to our **website www.pfltd.com.np** for more detailed information of vacancy and drop your applications to our Corporate Office, Tinkune, Kathmandu, Nepal or simply mail your application to us at **career@pfltd.com.np.**

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड

**Corporate Office**
Tinkune, Kathmandu-32
Tel. No.: 01-5199664, 01-5199665
P.O.Box: 10390
Email : info@pfltd.com.np
www.pfltd.com.np

**ग्रामथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तेतरिया, मोरङ,**
**कोशी प्रदेश, नेपाल**

**हाटबजार ठेक्का सम्बन्धि सूचना**

(दोश्रो पटक प्रकाशित मितिः २०८१।०४।२८)

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका अन्तर्गत रहेको ७ वटै वडाको विभिन्न स्थानमा लाग्ने हटियाहरु आ.व. २०८१।०८२ का लागी एकमुष्ट ठेक्का आह्वान भएकोले ईच्छुक नेपाली नागरिक वा कम्पनी/फर्महरुले रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | वडा नं. | न्यूनतम अंक मु. अ. कर बाहेक | दरभाउपत्रको मुल्य रु. (फिर्ता नहुने गरि) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | १/०८१।०८२ | हाट बजार कर (७ वटै वडामा लाग्ने हटिया) | १-७ | १६,००,०००/- (सोह्र लाख मात्र) | १,०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |

नोटः थप जानकारीका लागी https://gramthanmun.gov.np/

प्रमुख प्रशासकीय अधिकृत

**KUWAIT मा रोजगार** Al Dhow Readymade Food Company W.L.L

पुर्व स्वीकृति मितिः २०८१/०४/२५ चलानी नं.:६०२२३३९३ LT No. 308704

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bakery Chef(CDP/DCDP) | 11 | 0 | काममा दक्ष | 200 | ८७,६६१/- | ८ घण्टा | ६ दिन | छ | छ | २ वर्ष |
| २. | Factory Worker/Warehouse Worker | 51 | 0 | | 100 | ८७,६६१/- | | | | | |
| ३. | Light Driver | 11 | 0 | | 135 | ५९,१७१/- | | | | | |
| ४. | Restaurant Crew/Female | 0 | 21 | | 125 | ५४,७८८/- | Overtime & annual leaves are as per company rules. | | | | |
| ५. | Restaurant Crew/Male | 51 | 0 | | 125 | ५४,७८८/- | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | कामदार आफैंले | नि शुल्क |

**अन्तरवार्ता: २०८१ भाद्र ३ गते (19 Aug, 2024) यस प्रा. लि. कार्यालय सामाखुशी, काठमाडौंमा हुनेछ ।**

**Abiz Global Pvt. Ltd.** Govt. Lic. No. : 1629/080/81
Samakhusi, Kathmandu, Tel.: 01-4973555, 9851350733, 9802370733
9802360733, Email : cv.abizglobal@gmail.com, Web: www.abizglobal.com.np

# खानेपानी आयोजना सञ्चालन भएपछि स्थानीय हर्षित



■ राम योङहाङ

इलाम । इलाम माङसेबुङ गाउँपालिका-६ माङमालुङ बजारकी वसन्ता राईको दिनचर्या फेरिएको छ। वर्षौंदेखि विहानको समय गाग्रोमा पानी बोक्दैमा बिताउँदै आएकी वसन्ताको घरैमा खानेपानी धारो जडान भएपछि उनको दिनचर्यासमेत फेरिएको हो । पानी बोक्ने बिहानको समय घरायसी अन्य काममा खर्चिन थालेकी छन् ।

डेढ घण्टा उकालो बाटो गाग्रोबाट बोकेको पानीको भरमा गुजारा चलाउँदै आएकी वसन्तासहित माङमालुङ बजार र आसपासका १७१ घरधुरीले त्यो बाध्यताबाट मुक्ति पाएका छन् । संघीय सरकारको विशेष अनुदानअन्तर्गत १ करोड ६६ लाख ६६ हजार १५३ रुपैयाँको लागतमा बृहत् खानेपानी आयोजना निर्माण भएपछि खानेपानीका लागि घण्टौंसम्म उकालो ओरालो गर्नुपर्ने वर्षौंदेखिको बाध्यता हटेको हो ।

माङसेबुङ गाउँपालिका-२ र ६ वडाबासीका लागि 'लिफ्ट' प्रविधिबाट 'मिक्लाजुङ खानेपानी आयोजना (चित्रेखोला मुहान)' निर्माण सम्पन्न भएको छ । मुख्य प्रसारण लाइनको विद्युत् प्रयोग गरेर चित्रेखोला मुहानअन्तर्गत गढेरे खोल्सी मुहानबाट १ हजार १०० मिटर टाढा पानी तानेर घरघरमा मिटरसहित धारा जडान गरी वितरण गरिएको छ। आयोजनाबाट वडा-२ का चित्रे, डोलटार, भोटेडाँडा र वडा-६ का माङमालुङ बजार, नागीगाउँ, छेउनागलगायत गाउँका १७१ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

आयोजना निर्माण भएसँगै खानेपानीका लागि सदियौंदेखि सास्ती खेप्नुपरेको त्यस क्षेत्रका बासिन्दा काकाकुलबाट मुक्त भएका छन् । सदियौंदेखिको खानेपानी समस्या तोड्दै घरघरमा बनाइएका धाराबाट पानी झर्न थालेपछि त्यस क्षेत्रको बासिन्दामा खुसीको सीमा छैन । आदिवासी राई जातिको एकल बाहुल्य रहेको त्यस क्षेत्रमा बासिन्दाले पानी शुद्ध पिउने पानी पाएपछि हर्षित भएका छन् ।

२ करोडमा ५९ हजारको लागत स्टिमेट रहेकोमा धनकुटाको बिएनके महालक्ष्मी जेभीले १ करोड ६६ लाख ६६ हजार १५३ रुपैयाँमा ठेक्का पारेको थियो । आयोजनाअन्तर्गत मुहानदेखि २ मिटरको दुरीमा ७५ घनमिटर क्षमताको कलेक्सन ट्यांक निर्माण गरियो । कलेक्सन ट्यांकदेखि १ किलोमिटर दुरीमा १ लाख लिटर क्षमताको रिजर्भ ट्यांकमा पुऱ्याएर पानी वितरण गरिएको माङसेबुङ गाउँपालिकाका अधिकृतस्तर छैटौं (इन्जिनियर) युवराज दाहालले बताए । रिजर्भ ट्यांकबाट साढे ८ हजार मिटर एचडिपिइ पाइप (पोलिथिन पाइप) बिस्तार गरी घरघरमा खानेपानी वितरण गरिएको दाहालले बताए ।

'लिफ्ट प्रविधिबाट सञ्चालन गरिएको आयोजनाबाट प्रतिसेकेन्ड ५ लिटर पानी आउँछ, यो गाउँबासीका लागि पर्याप्त हुन्छ', इन्जिनियर दाहालले भने, 'त्यसका लागि मुख्य प्रसारण लाइनबाट ११ हजार भोल्टको करेन्ट प्रवाह हुनेगरी विद्युत् लाइन जडान गरिएको छ, आयोजनाका लागि छुट्टै ५० केभीए क्षमताको ट्रान्सफर्मर जडान गरिएको छ ।'

वर्षौंदेखिको खानेपानीको समस्या भोग्दै आएका स्थानीयले घरघरमा खानेपानी आएपछि नयाँ जीवन पाएको बताएका छन् । जन्मेदेखि नै खानेपानीको सास्ती भोग्दै आएकी स्थानीय कमलकुमारी राईले घरघरमा पानी आउँदा निकै खुसी लागेको बताइन् । 'खानेपानीका लागि बिहानभर पर्खेर कुवाको दुषित पानी खान बाध्य थियौं, हिउँदमा त त्यो पनि सुक्खा हुन्थ्यो', उनले भनिन्, 'वर्षौंदेखि भोग्दै आएको त्यो समस्या अहिले अन्त्य भएको छ, हामी सुखी छौं ।'

खानेपानी आयोजना सञ्चालन भएपछि पिउनका लागि मात्र होइन, शौचालय जान, नुहाइधुवाइ गर्न, लुगाकपडा धुन तथा वस्तुभाउलाई खुवाउने समस्यासमेत समाधान भएको स्थानीय सुनिता राईले बताइन् । घरघरमा शुद्ध खानेपानी पुगेपछि अहिले गाउँबासी सबै हर्षित भएको उनले बताइन् ।

उक्त क्षेत्रमा स्थानीयले सदियौंदेखि खानेपानीको चरम समस्या भोग्दै आएका थिए । आर्थिक वर्ष २०६७/०६८ सालमा मावाखोलाको शिर खालेधाराबाट अस्थायी खानेपानीको व्यवस्थापन गरेको भए पनि हिउँदमा मुहान सुक्ने कारणले समस्या ज्यूँ का त्यूँ थियो । तर, विद्युतीय माध्यमबाट पम्पिङ गरी खानेपानी आयोजना सञ्चालन भएपछि समस्या सधैंका लागि अन्त्य भएको माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले बताए ।

'पहिलो चरणमा १७१ घरधुरीका लागि खानेपानी आयोजना सम्पन्न गरिएको छ, यहाँबाट धेरैको खानेपानीको समस्या समाधान भएको छ', अध्यक्ष राईले भने, 'अर्को चरणमा अन्य वस्तीका लागि समेत करिब ३ करोडको यस्तै आयोजना सञ्चालन गरिनेछ, त्यसको लागि पहल भइरहेको छ ।'

आयोजन सञ्चालन भएको क्षेत्र समुन्द्री सतहदेखि २ हजार मिटर उचाइमा अवस्थित छ ।

# राष्ट्रिय परिचयपत्र बनाउनेको भिड




■ सौर्य समाचार

खजुरा । सरकारले राष्ट्रिय परिचयपत्रलाई विभिन्न सेवासुविधा लिनका लागि अनिवार्य गरेपछि जिल्ला प्रशासन कार्यालय बाँकेमा स्थानीयको भिड लागेको छ । प्रशासन कार्यालयको राष्ट्रिय परिचयपत्र शाखामा दैनिक ३०० बढीको संख्यामा आउने गरेको जनाएको छ ।

जिल्लामा अहिलेसम्म २ लाख ६६ हजार ७५१ जनाले राष्ट्रिय परिचयपत्रका लागि फाराम दर्ता गराएको प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बताए । उनका अनुसार तीमध्ये ५४ हजार ३३३ जनाले जिल्ला प्रशासन कार्यालयमै पुगेर परिचयपत्रका लागि रजिस्ट्रेसन गराएको र अन्यले विभिन्न वडामा रजिस्ट्रेसन गराएका छन् ।

परिचयपत्रका लागि रजिस्ट्रेसन गराएर नम्बर लिएर जाने धेरै भए पनि परिचयपत्रको कार्ड लिन आउने भने निकै कम संख्यामा रहेका छन् । जिल्ला प्रशासन कार्यालयमा तयार भएर आएका ३४ हजार २५१ परिचयपत्रका कार्डमध्ये ७ हजार ७४५ कार्ड मात्र सम्बन्धित व्यक्ति लिन आएको प्रजिअ रिजालले बताए ।

**परिचयपत्रका लागि रजिस्ट्रेसन गराएर नम्बर लिएर जाने धेरै भए पनि परिचयपत्रको कार्ड लिन आउने भने निकै कम संख्यामा रहेका छन् । जिल्ला प्रशासन कार्यालयमा तयार भएर आएका ३४ हजार २५१ परिचयपत्रका कार्डमध्ये ७ हजार ७४५ कार्ड मात्र सम्बन्धित व्यक्ति लिन आएको प्रजिअ रिजालले बताए**

२६ हजार ५०६ कार्ड जिल्ला प्रशासनमा आए पनि सम्बन्धित व्यक्ति लिन नआउँदा वितरण हुन बाँकी रहेको बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी जोरासिंह माझीले बताए । उनका अनुसार जिल्ला प्रशासन कार्यालय, कोहलपुर नगरपालिका, बैजनाथ र राप्तीसोनरी गाउँपालिकाका केही वडा, राप्तीसोनारी-९ तथा नरैनापुर गापाका वडा-१, २, ३, ४ र ५ का लागि 'रजिस्ट्रेसन' को काम भइरहेको छ ।

पछिल्लो समयमा राष्ट्रिय परिचयपत्र बनाउनेहरूमा नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका, राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिकाका नागरिक बढी रहेका जिल्ला प्रशासन कार्यालयमा रहेको राष्ट्रिय परिचयपत्र रजिस्ट्रेसन शाखाले जनाएको छ ।

# बाख्रा पालेर छोरालाई ठूलो मान्छे बनाउने कौशिल्लाको धोको



■ सौर्य समाचार

टेकेन्द्र बोहरा । बझाङको बुगल नगरपालिका-९ की कैशिल्ला देवी कामी एकल तथा दलित महिला हुन् । उनको श्रीमान्को ८ वर्ष पहिले रोजगारीका लागि भारत गएका बेला प्राणघातक रोगका कारण उपचार गर्न नसकी भारतमै अकालमा मृत्यु भयो ।

'श्रीमान्को मृत्य भएपछि छोराको लालनपालन र घरको जिम्मेवारी मेरो काँधमा आयो, (मु क्या अरू) अर्थात म के गरौं हजुर । भागेर कतै जाउँ घरमा कलिला छोराहरू छन्, छोराहरूको मायाले घर बसौं, न मेरा बस्नका लागि घर छ, न त कमाई गरी खानका लागि जग्गा जमिन छ्यो', उनले भनिन्, 'मेरा हातमा कही कमाई गरी खाउ भने सीप नै छ्यो छोराका मायाले ४-५ वर्षसम्म नहुँदा दुःख पाइयो, हुँदा त अहिले पनि दुःख नै छैन, मुईले त अरूकै घरमा मागी खाँया जाँ काम गऱ्यो त्यही छोरालाई लिएर गए । जसको घरमा काम गरे उसैका घरका गाईभैंसी बाख्री गोठमा सुते जसको घरमा काम गरे उसैको घरमा खाना र पुराना लुगा कपडा मागेरै काम चलाए ।'

उनले आफ्ना पीडा सुनाइन्, 'गाँउघरमा सहर बजारका जस्तो काम पनि पाइँदैन, काम पाइहाले पनि महिलालाई दिनको ज्याला ४-५०० भन्दा बढी दिँदैनन् । पहिले अरूकै घरका गोठहरूमा बसेर अरूकै घरमा काम गरेर ४-५ वर्ष जीवन गुजरा गरे हजुर, अहिले ती पुराना दिन सम्झे अहिले पनी रुने मन लाग्छ, अहिले जसरी भए पनि आफ्नो गुजरा चलेकै छ', कैशिल्लाले सम्झँदै भनिन्, '३-४ वर्ष पहिला गाउँमा एकदिन चैनपुरबाट युएमएन र दलित सहयोग समाजका सरहरू गाँउमा आउनुभयो । सरले गाउँमा भए जतिका सबै महिलालाई भेला हुन बोलाउनुभएको थियो । बैठकमा म पनि गए सरले तपाईंको पालिकामा समान व्यवहार परियोजना लागू भएको छ समुह गठन गरी गरिब, असहाय, दलित, समुदायका मान्छेलाई सहयोग गर्ने भनेपछि मलाई समुहमा बस्न मन लाग्यो ।' उनका अनुसार सरकै आग्रहमा ग्रामीण महिला समुह गठन गरियो र उनी सदस्य बनिन् । मासिक बैठक बस्न थाल्यौं । बैठकमा संस्थाका सर-म्यामले गाउँमा कसरी जीविकोपार्जन गर्ने लैंगीक हिंसा भनेको के हो ? जीविकोपार्जनका आधारहरू के के हुन भन्ने सिकाए । बैठकबाट धेरै कुरा सिक्ने अवसर मिलेको उनले सुनाइन् ।

नियमित बैठकमा जान थालेपछि उनको बोल्ने विकास भयो । गाउँघरमै केही आयआर्जन गर्न सकिन्छ भन्ने आशा पलायो । 'म दलित महिला एकल महिला भएका कारण जीविकोपार्जनका लागि समुहबाट छनोट गरी बाख्रापालनका लागि निवेदन दिएँ, बाख्रापालन कसरी गर्ने भन्ने बारेमा तालिममा केही कुरा सिक्यौं । तालिम सिकिसकेपछि संस्थाबाट करिब ४० हजार बराबरका ४ ओटा बाख्रा पाएँ । बाख्रा पाएपछि खुसी लाग्यो र बाख्रालाई निरन्तर रूपमा पाल्दै गएँ', उनले सुनाइन्, 'बाख्रा ४ बाट १० जति भए । संस्थाले बाख्रा दिएपछि ४ वर्षभित्र २ लाखभन्दा बढीका खसीबोका, पाठापाठी बेचें । त्यहीँबाट जम्मा भएको रकमले गाउँमा साहुकै जग्गा मागेर बस्ने घर बनाएँ । अहिले आफ्नै घरमा बस्न पाएको छु । छोराहरू अहिले स्कुल जाने भएका छन्, घरको नुन, तेल कापीकलम यसैबाट चलाएको छु ।'

समुहका दिदीबहिनी र संस्थाले इमानदार र मिहिनेती सम्झेर घरमा सौर्य ऊर्जा सोलार सेट दिएको जोडी दिएको उनले बताइन् । 'दुई छोरा छन् । गाँउकै स्कुल पढ्छन् । समूहका दिदीबहिनी र संघसंस्था वा कुनै व्यक्तिले छोराको थप पढाइका सहयोग गरे ठूलो मान्छे बनाउने धोको छ', उनले भनिन् ।

कसैले आर्थिक सहयोग गरे बाख्रापालनलाई निरन्तरता दिई बाख्रापालन गरेर नै छोराहरूलाई राम्रो शिक्षा दिलाउन सक्छु भन्ने आशा जगाएको उनले बताइन् ।

# बन्दुक र चोरीको सामानसहित ३ युवा पक्राउ

■ सौर्य समाचार

बनियानी । यहाँको अर्जुनधारा नगरपालिका-४ स्थित देवान चोकबाट प्रहरीले भरुवा बन्दुक र चोरीको समानसहित ३ युवालाई पक्राउ गरेको छ ।

प्रहरीचौकी शनिश्चरेले शनिबार राति १०:३० बजे अर्जुनधारा-४ स्थित देवानचोकबाट सोही स्थानका १९ वर्षीय आदित्य लिम्बू, २२ वर्षीय छिरिङ तामाङ र २१ वर्षीय निखिल तामाङलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए । गत साउन २५ गते राति अर्जुनधारा-७ मिलडाँडाकी इन्दिरा अधिकारीको किराना पसलमा ताला फुटाएर नगद र सामान चोरी भएको उजुरीका आधारमा प्रहरीचौकी शनिश्चरेले घटनामा संलग्नको खोजी सुरु गरेको थियो । चोरीमा संलग्नको खोजी गर्ने क्रममा शनिबार राति १०:३० बजे उनीहरूलाई शंकास्पद अवस्थामा प्रहरीले फेला पारेको प्रवक्ता चन्दले बताए ।

प्रहरीले उनीहरूका साथबाट चोरीको समान र अर्जुनधारा-४ का २२ वर्षीय छिरिङ तामाङको घरमा लुकाएर राखिएको अवस्थामा एक थान भरुवा बन्दुक बरामद गरेको छ । प्रहरीले आदित्य लिम्बूका साथबाट चाँदीको सिक्री १ थान, नेपाल टेलिकमको ५० रुपैयाँ दरको रिचार्ज कार्ड १९ थान, छिरिङ तामाङको साथबाट चाँदीको औंठी २ थान, चाँदीको पाउजु २ थान, चाँदीको सिक्री १ थान, एनसेल कम्पनीको ५० रुपैयाँ दरको रिचार्ज कार्ड ५ थान र निखिल तामाङको साथबाट चाँदीको



सिक्री १ थान बरामद गरेको छ ।

प्रहरीले चोरी गर्दा प्रयोग भएको एउटा खुकुरीसमेत किराना पसलबाट बरामद गरेको छ । पक्राउ परेका उनीहरूलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# प्रभावकारी बन्दै ग्रामीण अल्ट्रासाउन्ड सेवा

■ सौर्य समाचार

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिकाका स्वास्थ्यचौकीमा ग्रामीण अल्ट्रासाउन्ड सेवा सञ्चालनले गर्भवतीलाई निकै सहज भएको छ । बाह्य क्षेत्रमा चर्को शुल्क तिरेर गर्भमा रहेको बच्चाको अवस्था पत्ता लगाउनका लागि अल्ट्रासाउन्ड गराउनुपर्ने झन्झट हटेर गएको छ । नगरपालिकाले गर्भवतीलाई ४ वर्षअघिदेखि निरन्तर रूपमा स्वास्थ्यचौकीमै निःशुल्क रूपमा अल्ट्रासाउन्ड सेवा प्रदान गर्दै आएको छ ।

२०७७ सालदेखि पिपलाडी, झलारी र पिताम्बर गरी ३ स्वास्थ्यचौकीहरूबाट अल्ट्रासाउन्ड सेवा प्रदान गरिँदै आएकामा हाल सेवा विस्तार गरी ८ स्वास्थ्य संस्थामा पुऱ्याइएको छ । 'पहिलो वर्ष ३ वटा स्वास्थ्यचौकीमा सेवा सुरु गऱ्यौं', नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख परमानन्द भट्टले भने, 'त्यसपछि आधारभूत स्वास्थ्य केन्द्र वनसमिति, सहरी स्वास्थ्य केन्द्र बेलडाँडीमा सेवा विस्तार गर्यौं, यस वर्षदेखि आधारभूत स्वास्थ्य केन्द्र कालागौडी, सहरी स्वास्थ्य केन्द्र बन्साह र आधारभूत स्वास्थ्य केन्द्र दीपनगरमा सेवा विस्तार गरेका छौं ।'

उनका अनुसार सेवा सञ्चालनका लागि ३ नर्सिङ कर्मचारीलाई २१ दिने आधारभूत तालिमसँगै पुनःताजगी तालिम दिई दक्ष बनाइएको छ । प्रत्येक महिनाको १२ देखि १९ गतेसम्म स्वास्थ्य संस्थाहरूमा अल्ट्रासाउन्ड सेवा सञ्चालन हुने गरेको छ । अल्ट्रासाउन्ड सेवा दुर्गम ग्रामीण क्षेत्रसम्म पुऱ्याएर मातृ शिशुको मृत्यु दरलाई शून्यमा झार्न मद्दत पुगेको शाखा प्रमुख भट्टको भनाइ रहेको छ । 'गर्भमा रहेको शिशुको अवस्थाबारे



अल्ट्रासाउन्डका माध्यमबाट सहजै पत्ता लाग्ने गर्दछ', उनले भने, 'जोखिम रहेको गर्भबारे गर्भवती आमासँगै अभिभावकलाई समयमै जानकारी गराइने भएकाले आमा र शिशुको ज्यान जोगाउन सकिन्छ, विगतमा गर्भमा रहेको शिशुको अवस्था पत्ता नलाग्दा आमा र शिशुको ज्यान जाने गरेको थियो, अल्ट्रासाउन्ड सेवा सञ्चालनले गर्भवती आमालाई निकै सहयोग पुऱ्याएको छ ।'

अल्ट्रासाउन्डको माध्यमबाट गर्भमा रहेको शिशुको अवस्था, तौल, गर्भको हप्ता, शिशुको वृद्धि विकास, प्लासेन्टको पोजिसन कस्तो छ त्यो हेर्न सकिने सिअनमी प्रतिमा न्यौपानेले बताइन् । 'अल्ट्रासाउन्डका माध्यमबाट गर्भको जोखिमको पहिचान हुन्छ,' उनले भनिन्, ' बच्चा गर्भाशयमा खेल्ने नखेल्नेबारे जानकारी हुन्छ, ' एम्नियोटिक' तरल पदार्थ कति छ भनेर हेर्न सकिन्छ, शिशुको मुटुको धड्कनबारे जानकारी हुन्छ ।'

अल्ट्रासाउन्ड सेवा दुर्गम ग्रामीण क्षेत्रदेखि सुगमका बजार क्षेत्रसम्मका गर्भवतीसम्म पुगेकाले महिलाले यही सेवाका लागि बाह्य क्षेत्रमा खर्चनुपर्ने ठूलो धनराशि जोगिएको उनले बताइन् । 'एकपटक अल्ट्रासाउन्ड गराउँदा निजी क्षेत्रका अस्पतालहरूले १ हजार ६०० सम्म शुल्क लिने गरेका छन्, पटकपटक जाँच गराउनुपर्ने भएकाले निकै रकम खर्च हुन्छ', आमा समूहमा आबद्ध सीता डगौराले भनिन्, 'टाढाका अस्पतालमा यातायातका साधन चढेर पुग्नुपर्ने हुन्छ, त्यसको खर्च थप हुन्छ, खर्चसँगै अस्पतालहरूमा पालो कुर्नुपर्ने हुन्छ ।'

अल्ट्रासाउन्ड सेवा ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थाहरूमा निःशुल्क उपलब्ध हुन थालेपछि गर्भवतीले बाह्य क्षेत्रमा खर्चनुपर्ने रकम जोगिएको उनको भनाइ छ । 'पालो कुर्नुपर्ने अवस्था पनि छैन, यातायातका साधन खाज्दै हिँड्नु पनि परेको छैन, घरदैलोमै सेवा पाइँदा निकै सहज भएको छ,' उनले भनिन् ।

नगरपालिकाको स्वास्थ्य शाखाका अनुसार गत वर्षको असार मसान्तसम्म २० वर्षमुनिका ३३, २० वर्षमाथिका १ हजार ९७ र १९ जना जटिल प्रकृतिका गर्भवतीले अल्ट्रासाउन्ड सेवा लिएका छन् । अल्ट्रासाउन्ड सेवा निकै प्रभावकारी देखिएकाले स्वास्थ्य शाखाले नगरपालिकाका १२ वटै वडामा सेवा पुऱ्याउने लक्ष्य राखेको छ । त्यसका लागि शाखाले सुदूरपश्चिम प्रदेश विशेष अनुदान कार्यक्रमअन्तर्गत थप ३ अल्ट्रासाउन्ड मेसिनसँगै औजार, उपकरण खरिद गर्ने योजना बनाएको छ । त्यसका लागि नगरसभामा प्रस्ताव गरिएको ५१ लाख रुपैयाँको बजेट स्वीकृत भए सेवालाई अझै प्रभावकारी बनाउन सकिने बताइएको छ ।

अल्ट्रासाउन्ड सेवाका लागि हाल एक मात्रै मेसिन उपलब्ध रहेको छ । सोही मेसिन सेवा सञ्चालन गरिएका स्वास्थ्य संस्थामा लगेर सेवा दिनुपर्ने अवस्था रहेको छ ।

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# नेपाली कांग्रेसको दायित्व

देशको मुख्य पार्टी नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक जारी छ । जारी बैठकमा बंगलादेश घटनाले प्रवेश पाएको छ । यसको कारण ऐतिहासिक छ । आजभन्दा ५५ वर्षअघि बंगलादेश निर्माणको आन्दोलनमा नेपाली कांग्रेसले नैतिक साथ मात्रै होइन, हतियारसमेत उपलव्ध गराएर भौतिक साथसमेत दिएको थियो । त्यतिबेला कांग्रेसका संस्थापक सभापति बिपी कोइराला भारत निर्वाशनमा थिए । छिमेकी भारतले आफ्ना सेनासमेत पठाएर आन्दोलनमा साथ दिएको थियो । तर आन्दोलन सफल भएको केही वर्षसम्म भारतले आफ्ना सेना फिर्ता गरेन । बंगलादेशको सरकारले भारतीय सेना फिर्ताका लागि ठूलो दबाब दियो । जब भारतीय सेना फिर्ता भयो, तब बंगलादेशका जन्मदाता सेख मुजिबुर रहमानको वंश नै विनास हुने गरी दक्षिणपन्थीद्वारा हत्या भयो । त्यो प्रकरणपछि बिपी कोइरालाले स्वदेश फर्केर राजासँग सहकार्य गर्ने नीति अवलम्वन गरे । जसलाई राष्ट्रिय एकता तथा मेलमिलापको नीति भन्ने गरिएको छ । बिपी कोइरालाले सिक्किमको भारतमा विलय तथा बंगलादेशको जन्म भएको घटनालाई लामो व्याख्या गर्दै देशभित्रका शक्तिहरू आपसी द्वन्द्वमा उत्रँदा परचक्रीले लाभ लिने उल्लेख गरेका छन् । नेपाली कांग्रेसले त्यतिबेला मेलमिलापको नीति नलिएको भए के हुन्थ्यो ? त्यो प्रश्न अनुत्तरित छ, तर नेपाली कांग्रेसले मेलमिलापको नीति लिएपछि के भयो ? भन्ने प्रश्नको उत्तर स्पष्ट छ । त्यसैले बंगलादेशमा अहिले भएको घटनाले दिएको सन्देशलाई नेपाली कांग्रेसले कुन रूपमा व्यवहारमा उतार्छ ? धैर्यताका साथ प्रतीक्षा गर्नुपर्छ ।

केन्द्रीय समितिको जारी बैठकमा नेपाली कांग्रेसका इतर पक्षका नेता डा.शेखर कोइरालाले बंगलादेशमा जननिर्वाचित प्रधानमन्त्री भाग्नुपर्ने अवस्था किन आयो ? जननिर्वाचित संसद् भंग गरी गैरदलीय सरकार गठन हुने अवस्था कसरी सिर्जना भयो ? भन्ने सन्दर्भमा विभिन्न कोणबाट आफ्ना भनाइ राखेका छन् । देश चलाउने पार्टीहरूभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको, आन्तरिक लोकतन्त्र कमजोर बनाउने व्यक्तिले जनतालाई लोकतन्त्रको प्रत्याभूति दिलाउन नसकेको, लोकप्रियतावादको विश्वव्यापी लहरले असन्तुष्ट जनतालाई आन्दोलित गराएको लगायतका दृष्टिकोण राखेका छन् । स्पष्ट भाषामा नभने पनि उनले बंगलादेशको परिस्थिति नेपालमा पनि विद्यमान रहेको उल्लेख गरेका छन् । हामीले पार्टीभित्र आन्तरिक लोकतन्त्र कत्तिको बलियो बनाएका छौं ? सत्तामा पुगेपछि जनतालाई लोकतन्त्रको प्रत्याभूति दिलाउन सकेका छौं कि छैनौं ? लोकप्रियतावादको चपेटाबाट जनतालाई सजग गराएका छौं या हाम्रो पार्टीबाट पनि लोकप्रियतावादका गतिविधि भएका छन् ? गम्भीर रूपमा समीक्षा गर्नुपर्ने दृष्टिकोण उनले राखेका छन् ।

हुन पनि एकपटक नेतृत्वमा पुगेपछि आजीवन कुर्सी नछाड्ने मनोरोग नेपालका कतिपय पार्टी नेतामा देखिन्छ । त्यसको ज्वलन्त उदाहरण हुन्, माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड । उनी करिब ४० वर्षदेखि नेतृत्वमा छन् । आन्तरिक लोकतन्त्र माओवादीमा करिबकरिब शून्य छ । मदन भण्डारीको उदयदेखि केपी शर्मा ओली अध्यक्ष नबन्दासम्म नेकपा एमाले आन्तरिक लोकतन्त्रका दृष्टिले अब्बल पार्टीमा गनिन्थ्यो, तर अहिले एमाले भित्रको आन्तरिक लोकतन्त्र पनि करिब ५० प्रतिशत निषेध भएको छ । नेपाली कांग्रेसले आन्तरिक लोकतन्त्रका लागि केही प्रयास गरेको देखिन्छ, तर ती प्रयास व्यवहारमा उत्रिन सकेको देखिँदैन । विधानमा आन्तरिक लोकतन्त्रका प्रावधान छन्, तर ती प्रावधान कार्यन्वयनमा समस्या देखिने गरेको छ । नियमित मितिमा कहिल्यै महाधिवेशन नगर्ने समस्याबाट कांग्रेस गुज्रिएको छ । नेताले आफ्ना लागि आफैँ मतदाता छान्ने शैली कम्युनिस्ट पार्टीहरूको सिद्धान्त नै हो । तर नेपाली कांग्रेसले समेत सदस्यता वितरण सबैका लागि खुला गर्न सकेको छैन । पार्टी दर्ता गरिसकेपछि त्यो पार्टीको सदस्यता लिने हक सबै जनतालाई हुनुपर्छ । ती सदस्यहरूद्वारा नेतृत्व छानिनुपर्छ । नेतृत्व छनौट प्रक्रिया पारदर्शी हुनुपर्छ । पार्टीहरूको आन्तरिक निर्वाचन देशको निर्वाचन आयोगरूारा नै हुने प्रणाली स्थापित गर्नुपर्छ । अनि मात्रै पार्टीभित्र आन्तरिक लोकतन्त्र संस्थागत हुन सक्छ । आन्तरिक लोकतन्त्र संस्थागत भएका पार्टीले मात्रै देशको लोकतन्त्र संस्थागत गर्न सक्छन् । आफैँले बनाएको विधान पालना नगर्ने पार्टीबाट संविधानको पालना संभव छैन ।

## साउन २८ गतेको राशिफल

| | |
|---|---|
| मेष | कार्यमा सुख प्राप्त हुनेछ । |
| वृष | आकस्मिक धन लाभ हुनेछ । |
| मिथुन | कार्यमा ढिलासुस्ती हुनेछ । |
| कर्कट | वादविवादमा फस्न सकिनेछ । |
| सिंह | वस्त्र सौभाग्य कारोबारबाट लाभ हुनेछ । |
| कन्या | नेत्रसम्बन्धी समस्या देखापर्नेछ । |
| तुला | मिष्ठान भोजन प्राप्त हुनेछ । |
| वृश्चिक | कडा परिश्रम गर्नुपर्नेछ । |
| धनु | अचानक धन लाभ हुनेछ । |
| मकर | कार्यमा सफलता हुनेछ । |
| कुम्भ | सरकारी काममा ढिलासुस्ती हुनेछ |
| मीन | खानपिनमा सावधानी अपनाउनु पर्नेछ । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# नेपालमा आन्दोलन किन सार्थक हुँदैन ?



श्रीमन नारायण

> नेपालमा छात्र र युवाको आन्दोलन सम्भव छैन । किसान र मजदुरको पनि सम्भव छैन । आन्दोलन भए पनि आन्दोलनपश्चात नेतृत्वमा कसलाई ल्याउने, त्यस्ता व्यक्तिको भिजन के छ ? भ्रष्टाचार र विवादको पृष्ठभूमिबाट मुक्त छन् कि छैनन्, आन्दोलनको नेतृत्व गर्नेको पारिवारिक र सामाजिक पृष्ठभूमि कस्तो छ, केवल सडकमा भिड जम्मा गरेर नेतृत्व परिवर्तन गर्दैमा आमजनताको जनजीवनमा परिवर्तन आउँदैन ।

बंगलादेशकी प्रधानमन्त्री शेख हसिना वाजेदलाई सत्ताच्युत गर्न त्यहाँका छात्र र धार्मिक नेताहरूले निर्णायक प्रदर्शन गरे । आन्दोलनकै प्रभावका कारण उनले पद मात्रै होइन कि आफनो मातृभूमि नै त्याग गर्नुपर्‍यो । नोबेल पुरस्कार विजेता अर्थशास्त्री मोहम्मद युनुस खान त्यहाँका कार्यवाहक प्रधानमन्त्री नियुक्त भएका छन् । बंगलादेशमा विद्यार्थी आन्दोलन सफल भएपछि, नेपालका चिया पसलहरूमा यस विषयले चर्चा पाएको छ कि, नेपालमा पनि यस्तो किसिमको आन्दोलन हुनुपर्दछ तथा यहाँका नेताहरूलाई पनि, सत्ताबाट च्युत गर्नुपर्दछ । केही वर्षअघि दक्षिण एसियाकै देश श्रीलंकामा पनि त्यहाँका जनताले राजापाक्षे परिवारको शासन र भ्रष्टाचारवाट अत्यधिक पीडित भएपछि तिनको विरोधमा आन्दोलन चलाए र तिनलाई सत्ताच्युत गराए । त्यतिबेला पनि नेपालमा यस विषयले चर्चा पाएको थियो कि, नेपाली नेताहरू पनि श्रीलंकाली नेताजस्तै पारिवारिक राजनीति र भ्रष्टाचारमा गहिरो रूपमा संलग्न छन् र यिनीहरूलाई सत्ताबाट च्युत नगरे नेपाल प्रगति गर्न सक्दैन । तर, नेपालमा केही पनि भएन ? नेपालमा आजसम्म जे जस्ता आन्दोलनहरू भएका छन् ती सत्ता नेतृत्व परिवर्तनका लागि मात्रै भएका छन् । आजसम्म जति पनि सरकारहरू नेपालमा अस्तित्वमा आएका छन्, ती सबै एउटै प्रकृति र प्रवृत्तिका रही आएका छन् । सायद त्यही भएर होला नेपालको आन्दोलन सार्थक सावित हुँदैन ।

न त नेपाली जनतालाई देशका जल्दा-बल्दा समस्याहरूको समाधानको चिन्ता छ, न त यहाँका राजनीतिक दल र नेताहरूलाई नै नेपालमा जब जब सरकार विरोधी ठुलो आन्दोलनको विषयले चर्चा पाउँछ, तब यहाँ आन्दोलनको दिशालाई नै मोडिन्छ । नेपालका राजनीतिक दलहरूलाई राम्ररी थाहा छ, कि यहाँ गरिबी, बेरोजगारी, महँगी, शान्ति सुरक्षा, आर्थिक, विकास र समृद्धिलाई राजनीतिक मुद्दा बन्न दिनु हुँदैन । देशका जल्दा-बल्दा समस्याहरूतिर नेपाली जनताको ध्यान नजाओस भन्ने उद्देश्यले खुल्ला सिमाना, सन् १९५० को सन्धी, महाकाली सन्धी, चुच्चे नक्सा, सिमाना विवाद आदिलाई समयसमयमा प्यान्डोरा बक्सबाट निकाल्ने गरिन्छ । छात्र, युवा र सर्वसाधारणलाई २-४ दिन सडकमा उफ्रिन लगाइन्छ, त्यसपछि २-३ वर्षसम्म सबै कुरा सामान्य रहन्छ । हुन त अब सडकमा उफ्रिने युवाहरू पनि खाडी देशतिर गइसके । विद्यार्थीहरू अमेरिका, युरोप र चीन, जापान, अस्ट्रेलिया, भारततिर गइसके । सायद त्यही भएर होला विगत ९ वर्षमा एउटा पनि आन्दोलन भएन ।

नेपालमा २००७ सालमा राणा विरोधी आन्दोलन भयो । आन्दोलनमा शासन सत्ताका एक पक्ष राजपरिवारको पनि परोक्ष सहभागिता थियो । नयाँ दिल्लीमा त्रिपक्षीय सम्झौता हुँदा राणा, नेपाली कांग्रेस र राजाले शासन सत्तामा स्थान पाए । २०१५ सालको आमनिर्वाचनमा नेपाली कांग्रेसलाई झण्डै दुईतिहाइ बहुमत प्राप्त भएको थियो । तर, प्रमुख प्रतिपक्षमा गोरखा परिषद् नै थियो । भरत शमशेर प्रतिपक्षका नेता थिए । २०१५ सालदेखि २०१७ सालसम्म अस्तित्वमा रहेको सरकारलाई पनि जनताका कामका साथै तत्कालीन प्रधानमन्त्री बिपी कोइरालालाई आफ्नो छवि चम्काउने चाहना बढी थियो । त्यस सरकारबाट कतिपय राम्रा काम पनि भए । बिपी कोइराला र राजा महेन्द्रको व्यक्तित्वको प्रतिस्पर्धामा देशमा राजनीतिक स्थायित्व कायम भएन र राजा महेन्द्रले राज्य विप्लवद्वारा शासन सत्तामा आफनो हातमा लिए । तर उनले कम्युनिस्ट तथा नेपाली कांग्रेसका भगौडा नेताहरूकै सहयोग र समर्थन लिएर सरकार चलाए । डा.तुलसी गिरी, विश्वबन्धु थापाहरू पूर्वकांग्रेसी नै थिए । पञ्चायतको ३० वर्षमा पनि तात्विक परिवर्तन आएन । भारत, चीन, सोभियत संघ, अमेरिका, जापान, बेलायत आदि मित्र राष्ट्रहरूको सहयोगमा विकास निर्माणका कार्य भए । पञ्चायत सरकारमा देश र जनताको हितमा खासै उल्लेखय काम भएन ।

२०४६ सालको अन्तिम महिनामा नेपाली कांग्रेस, देशका बामपन्थीहरू तथा अन्य लोकतन्त्रवादीहरूले समेत गरेका निर्णायक आन्दोलनका कारण देशमा प्रजातन्त्रको पुनः स्थापना भएको थियो । २०४७ सालदेखि २०५९ सालसम्म नेपाली कांग्रेस, नेकपा एमाले र पञ्चहरू मिलेर सरकार बनाए, देश चलाए । त्यसपछि करिब ४ वर्ष राजाले पनि प्रत्यक्ष शासन चलाए । पञ्चायती शासनको अन्त्यपश्चात तत्कालीन सरकारले पञ्चायती व्यवस्थामा भएका गलत निर्णय र कार्यहरू संलग्न व्यक्तिहरूमाथि कसुर अनुसारको सजाय समेतका लागि सिफारिस गर्न मल्लिक आयोगको गठन गरेको थियो । मल्लिक आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझायो पनि, तर कारबाही कसैमाथि पनि भएन किनभने पञ्चायती व्यवस्थाका सबै महाभ्रष्टहरू नेपाली कांग्रेस र नेकपा एमालेमा प्रवेश गरिसकेका थिए ।

जब कुनै पुरानो व्यवस्थाका दोषी अधिकारी र शासकमाथि कारबाही गर्न नयाँ शासकले पनि आफ्नो खुट्टा कमाउन थाल्छ अनि पुरानो शासनको अनियमितता, भ्रष्टाचार, कुरीति र गलत परम्परा नयाँ सरकारको पनि अंग बन्न जान्छ र जनतालाई परिवर्तनको अनुभूति भइरहेको हुँदैन ।

नेकपा माओवादीले कम्युनिस्ट राज्य सत्ता स्थापना गर्ने भन्दै १० वर्षसम्म सशस्त्र संघर्ष गर्‍यो । त्यस सशस्त्र संघर्षका कारण १७ हजार जति नेपालीले ज्यान गुमाएको अनुमान छ । देशले अबौं-खबौंको आर्थिक क्षति भोग्नु पर्‍यो । तर त्यसको परिणाम के आयो ? हात लागि शून्य ? आखिर जुन नेपाली कांग्रेस र नेकपा एमालेको विरोधमा यसले हतियार उठाएको थियो तिनै दलहरूसित मिलेर यो सत्तामा सहभागी हुन पुग्यो । नेकपा माओवादीको सैद्धान्तिक, राजनीतिक र नैतिक पतन त्यसै दिन भयो जुन दिन यसले नेपाली कांग्रेस र एमालेसित सहकार्य एवं सहयात्रा गर्ने निर्णय गरेको थियो । जब नेपाली कांग्रेस र नेकपाको नीति विचार र दर्शन ठिक नै थियो भने माओवादीले २०५२ सालमा हतियार कसको विरोधमा उठाएको थियो ? त्यतिबेला त शासन सत्तामा एमाले र कांग्रेस नै थियो । नेकपा एमाले र नेपाली कांग्रेससितको सहकार्य र सहयात्रा माओवादीको निम्ति धृतराष्ट्र आलिंगन सावित भएको छ, अब यो पार्टी आफ्नो खुट्टामा उभिन सक्दैन । एक्लै चुनाव लड्ने साहस र क्षमता यसमा रहेन । मधेसी दलहरू पनि देशका ठुला दलहरूको संरक्षण समर्थन र सहयोगविना चुनाव जित्न सक्ने अवस्था रहेन ।

नेपालमा अहिलेसम्म जे जस्ता परिवर्तनहरू भएका छन्, त्यो केबल सरकारको नेतृत्व परिवर्तनका लागि हो । मिलीजुली खाउँ र बाँचौं भन्ने प्रवृत्तिले ठुलो परिवर्तन, ल्याउन सक्दैन । अन्य सबै दललाई गलत भन्दै राजनीतिमा आएका रवि लामिछानेको पनि कुनै प्रष्ट आर्थिक, सामाजिक र राजनीतिक नीति नै छैन । उनी राजनीतिमा आउनुभन्दा अघि पनि विवादमा थिए । नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको विशेष समर्थनमा उनी दुईपटक गृहमन्त्री बने, तर दुवैपटक उनी विवादमा आए । रवि लामिछाने पनि नेकपा एमाले र नेपाल माओवादी केन्द्रको नेतृत्वमुनि रहेर देशमा भ्रष्टाचारको अन्त्य गर्ने, सुशासन कायम गर्ने, देशको आर्थिक विकासमा चमत्कार गर्ने दिवास्पन देखिरहेका छन् ।

नेपालमा छात्र र युवाको आन्दोलन सम्भव छैन । किसान र मजदुरको पनि सम्भव छैन । आन्दोलन भए पनि आन्दोलनपश्चात नेतृत्वमा कसलाई ल्याउने, त्यस्ता व्यक्तिको भिजन के छ ? भ्रष्टाचार र विवादको पृष्ठभूमिबाट मुक्त छन् कि छैनन्, आन्दोलनको नेतृत्व गर्नेको पारिवारिक र सामाजिक पृष्ठभूमि कस्तो छ, केवल सडकमा भिड जम्मा गरेर नेतृत्व परिवर्तन गर्दैमा आमजनताको जनजीवनमा परिवर्तन आउँदैन । बंगलादेशमा एक दर्जनभन्दा बढीपटक आन्दोलन भएको छ, सैनिकद्वारा सत्ता कब्जा पनि भएको छ, तर देशलाई सही मार्ग केबल शेख हसिनाको सरकाले नै दिएको थियो ।

आक्रोश र उन्मादमा आएर, धर्म अथवा जातिको विरोधमा लक्षित भएर आन्दोलन सफल पार्न सकिन्छ, तर देशले प्रगति गर्न सक्दैन । छिमेकी राष्ट्रलाई गाली गरेर छिमेकी राष्ट्रको विरुद्धमा घृणा द्वेष फैलाएर प्रगति सम्भव हुँदैन । नेपालमा आन्दोलन सफल नहुनुको मुख्य कारण पूर्ववर्ति शासकको गलत कार्य, भ्रष्टाचार र अनियमिततालाई नयाँ शासकले पनि समर्थन गर्दै अगाडि बढ्नु हो, अथवा त्यस्ता कार्यलाई निरन्तरता दिनु हो ।

# मध्यपूर्व अब साँच्चै नै महायुद्धको संघारमा



लोकनारायण सुबेदी

> आफ्ना नागरिकहरूलाई इजरायलले भनिसकेको छ कि घरका बम बंकर सेल्टरहरूलाई सफा राख, हमला भएको स्थितिमा डेढ मिनेटभित्र त्यहाँ पुगेर स्वयंलाई सुरक्षित राख्ने तयार गर, पानी, खाद्य सामग्रीहरू, आवश्यक औषधिहरू थप जोगाड गर । अन्य आवश्यक सामग्रीहरू राख्न पनि उसले आदेश दिइसकेको छ । साथै ब्याट्रीले चल्ने टर्च लाइटहरू पनि किन्न र साथमा राख्न र सावधानीपूर्ण रहन पनि आदेश दिइसकेको छ ।

मध्यपूर्वमा यतिबेला एउटा महायुद्धकै दुन्दभी बज्न थालेको गम्भीर स्थिति विकसित भइरहेको प्रतीत हुन्छ । हमासका नेता इस्माई हानियालाई इजरायलले मारिदिएको छ । इरानमा अतिथिकोरूपमा गएको बेला हानियाको हत्या गर्न इजरायल सफल भएको हो । हानियाको मृत्यु हमासका लागि त ठूलो पीडा हुँदै हो, त्यसमा पनि आफ्नो देशमा अतिथि बनाएर ल्याउनु तर सुरक्षा गर्न नसक्नु इरानको सानो चोट होइन ।

हानियाको मृत्यु पछि इजरायलका विरुद्ध इरानले हमलाको चेतावनी दिएको छ । विगतमा छिमेकीहरूका हमलालाई इजरायलले अवशरको रूपमा लिँदै आएको छ । त्यसैले अहिले पनि इरानको संभावित हमलालाई विगतमा झैँ कसरी अवसरका रूपमा परिणत गर्ने ? भन्ने दाउमा इजरायल रहेको छ । यसका लागि इजरायलले पनि व्यापक तयारी गरिरहेको विश्वका विश्लेषकहरूले औंल्याइरहेका छन् । के मानिँदै छ भने १३-१४ अगस्टको सेरोफेरोमा इरानद्वारा इजरायलामाथि यस्तो आक्रमण हुन सक्छ । यस सम्बन्धमा के भनिँदै छ भने यो आक्रमण भयंकर र भीषण हुन सक्तछ । यस लडाइँका लागि दुबै पक्षहरूको हुँदै गरेको मोर्चाबन्दी हेर्दा भयावह लडाइँको अनुमान लगाउन सकिन्छ । यदि यो युद्धको खतरनाक आक्रोशलाई समय छँदै रोक्ने उपायहरू खोजिएन भने व्यापक बर्बादी र विनाशको अर्को शृंखलाको चरण विश्वमा सुरु हुने कुरालाई कसैले अस्वीकार गर्न सक्तैन ।

हमासका राजनीतिक प्रमुख इस्माइल हानिया र हिजबुल्लाका उच्च कमान्डर फाउद शुकरको हत्याबाट इजरायलका विरुद्ध र इरानको साथ दिनका लागि लेबनान, यमन, सिरिया र जोर्डन विगतमा जस्तै खडा भइसकेका छन् । इरानले सिरियाबाट इजरायलमाथि ड्रोन हमलाको तयारी गरिसकेको बताइँदै छ । अनि जोर्डन र लेबनानका पनि कतिपय आतकंवादी मानिने गरेका संगठनहरू समेत यस लडाइँमा इरानलाई साथ दिनका लागि मोर्चाबन्दी गरिरहेको पनि देखिँदै छ । अघिल्लो शुक्रबारका दिन जब हानियालाई कतारको राजधानी दोहामा अन्तिम संस्कार गरिँदा कतार र पेलेस्टिनका कतिपय संगठनहरूका विभिन्न उच्च नेताहरूबाट र कमान्डरहरूको उपस्थितिले पनि इजरायल विरुद्धको लडाईंलाई अघि बढाउने निकै कडा भावना व्यक्त भएको थियो ।

यसरी पेलेस्टिनी समर्थक इस्लामिक देशहरूको एकताको बढ्दो तयारीलाई देखेर इजरायलले पनि अफ्नो तयारीलाई जोडदाररूपमा अगाडि बढाइरहेको र बढाइसकेको बताइँदै छ । उसले आफ्ना नागरिकहरूलाई बचाउनका लागि सबै उपाय गर्नका सावधान तुल्याइसकेको बताइएको छ । आफ्ना नागरिकहरूलाई इजरायलले भनिसकेको छ कि घरका बम बंकर सेल्टरहरूलाई सफा राख, हमला भएको स्थितिमा डेढ मिनेटभित्र त्यहाँ पुगेर स्वयंलाई सुरक्षित राख्ने तयार गर, पानी, खाद्य सामग्रीहरू, आवश्यक औषधिहरू थप जोगाड गर । अन्य आवश्यक सामग्रीहरू राख्न पनि उसले आदेश दिइसकेको छ । साथै ब्याट्रीले चल्ने टर्च लाइटहरू पनि किन्न र साथमा राख्न र साबधानीपूर्ण रहन पनि आदेश दिइसकेको छ ।

उता इरानका कार्यवाहक विदेशमन्त्री अली बघारीले पनि भनिसकेका छन् कि बितेका १० महिनामा इजरायलद्वारा गाजापट्टीमा जुन घोर अमानवीय ठूलो र नरसंहार गरिएको र विनाशको ताण्डव मच्चाइएको छ, त्यस स्थितिलाई अब त्यसलाई रोक्न नितान्त जरुरी भइसकेको छ । उनले चेतावनी दिँदै भनेका छन् कि, यदि यसो गरिएन भने केवल पश्चिम एसिया मात्र होइन, विश्वकै शान्ति भयंकर खतरामा पर्न जानेछ ।

फाउद शुकरको मृत्युबाट अत्यन्तै अप्रसन्न र दुःखी हिजबुल्लाले इजरायलमाथि कैयौं मिसायल दागेको थियो । ती मध्ये कैयौं मिसाइलहरूलाई इजरायलले हावामा नै नष्ट तुल्याइदिएको थियो । यसबाट पनि स्पष्ट हुन्छ कि, इरान तथा समर्थक देशहरूमा इजरायलका विरुद्ध बढ्दो आक्रोश कति तीव्र र घनीभूत बन्दै गएको छ । त्यसलाई सामान्यरूपमा लिन र नजरअन्दाज गर्न मिल्दैन भनिँदै छ । यस्तो बढ्दो गम्भीर अप्रसन्नता, लडाइँको तयारी र दुबै पक्षको मोर्चाबन्दीलाई हेरिरहेका विश्लेषकहरू लडाइँ भड्किन जान नदिन र गम्भीररूपमा अन्तर्राष्ट्रिय शान्तिको प्रयास गर्न अब बिलम्ब भइसकेको औंल्याइरहेका छन् । समय छँदै यस प्रकारको गम्भीर प्रयास गरिएन भने लडाइँ सुरु भएपछि त्यसलाई ठूलो विनाश र नरसंहारभन्दा पहिला रोक्न र टार्न धेरै चर्को पर्नेछ । इजरायलको अप्रसन्नता तुर्कीप्रति पनि निकै बढी नै देखिँदै आएको छ । किनभने तुर्कीले हानियाको हत्या हुँदा आफ्नो राष्ट्रिय झण्डा आधा झुकाएर राष्ट्रिय सम्मान गरेको थियो । यसलाई तुर्कीको इरानप्रतिको समर्थनको रूपमा हेरिएको छ ।

हानियाको मृत्युका लागि इजरायलको शक्तिशाली मानिँदै आएको गुप्तचर सेवा 'मोसाद'लाई जिम्मेवार मानिएको छ । जसले प्रमुख व्यक्तित्वहरूको सुरक्षाका लागि तैनाथ इरानको इस्लामिक रिभोल्यूसनरी गार्ड कार्प्स(आइआरजिसी)का २ जना एजेन्टहरूलाई यस हत्याकाण्डका लागि कथितरूपमा पैसा दिएर (जसलाई सुपारी दिने पनि भनिन्छ) उपयोग गरको मानिँदै छ । त्यस हत्याका कारण इरानका राष्ट्रपति मसूद पजिस्कियनका कठिनाइहरू अझ बढ्न पुगेका छन् । हुन पनि उनलाई आफ्नै देशबासीहरूका सामु अतिथिको ठीकसँग सुरक्षा गर्न नसकेको शर्म लाग्ने स्थिति पनि बन्न पुगेको छ । हुन त हानियाको हत्याका लागि जिम्मेवार मानेर पजिस्कियनले २ दर्जनभन्दा बढी आइआरजिसी तथा सेक्रेट सर्भिसका अधिकारीहरूलाई पक्राउ पनि गराइसकेका छन् । हानियाको हत्यालाई उनले अत्यन्तै गम्भीरतापूर्वक लिएका छन् । यस हिसाबले पनि उनका लागि के आवश्यक छ भने इजरायलमाथि इरानले भयंकर ठूलो आक्रमण गर्नेछ ।

हानियाको हत्या जुन अतिथि गृहमा भएको थियो, त्यसका कतिपय अधिकारीहरूलाई समेत पक्राउ गरेर राष्ट्रपति पजिस्कियन के खुलासा गर्न चाहिरहेका देखिन्छन् भने हानियाको हत्यालाई उनले अत्यन्तै गम्भीरतापूर्वक लिइरहेका छन् । यसो गर्नु उनका लागि पनि आवश्यक मानिँदै छ र उनले इजरायलमाथि ठूलो आक्रमण गर्ने तयारी गरिरहेका छन् । किनभने इरान र त्यहाँका जनता के मान्दछन् भने फाउदा तथा हानिया दुबैको हत्याको जिम्मेवार इजरायल नै हो । उसले फाउदाको हत्याको त जिम्मा लिई पनि सकेको छ । तर हानियाका हत्यालाई न इजरायलले अस्वीकार गरेको छ न स्वीकार नै गरेको छ ।

यद्यपि इरानले उसले भनेजस्तो इजरायलमाथि आक्रमण गर्नपुग्यो भने पजिस्कियनका समस्याहरू अझ बढ्नेछन् । उनले भर्खरै सम्पन्न चुनाव यसै प्रतिबद्धताका साथ जितेका थिए कि, उनी पश्चिमा देशहरूसँग पनि इरानको सम्बन्धमा सुधार ल्याउनेछन् । तर स्पष्ट छ कि इजरायलमाथि इरानको आक्रमण गर्ने अहिलेको पछिल्लो घोषणाले उनी त्यसरी सम्बन्ध सुधार गर्न सक्ने अवस्थामा रहने छैनन् । प्रष्ट छ, पश्चिमा देशहरू इजरायलको साथमा छन् । खुलस्तै छ कि पहिला जस्तै नै अमेरिका, फ्रान्स, बेलायत, अस्ट्रेलिया लगायतका देशहरू इजरायलको पक्षमा खडा हुनेछन् । यद्यपि अमेरिकाको सम्बन्धमा अहिले भ्रमपूर्ण विभिन्न कुराहरू पनि गरिँदै छ । अमेरिकी राष्ट्रपति जो बाइडेन बितेको साता मेरिल्यान्ड एयर बेसमा पत्रकारहरूसँग कुराकानी गर्दै के जानकारी दिए भने 'उनले इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुलाई फोनमा कुरा गर्दै भनेका छन् कि उनीसँग यतिबेला युद्ध बिरामको अवसर छ र यसै दिशामा उनी अघि बढ्नुपर्दछ' ।

अर्कोतिर के पनि भनिँदै छ भने अमेरिकाको सैन्य मुख्यालय पेन्टागनमा यो सम्भावित युद्धलाई लिएर गम्भीर विचार बिमर्श पनि चलिरहेको छ । यद्यपि यस आशयको कुराको भने पुष्टि नभएको बताइन्छ । यदि यो युद्ध अघि बढ्यो भने त्यसमा इजरायलको मद्दत गर्न अमेरिकाले सेना पठाउने नै छ । मेरिल्यान्ड एयर बेसमा पत्रकारहरूसँग कुरा गर्दा जो बाइडेनले अमेरिकाका सामुद्रिक बेडाहरूलाई पठाउने कुरा मात्र चलेको थियो भनिँदै छ । यस्तो अवसर झण्डै १ वर्षअगाडि पनि उपस्थित भएको थियो । तर, अमेरिकी प्रशासन त्यतिबेला पनि के निष्कर्षमा पुगेको थियो भने उसले त्यहाँ आफ्ना सैनिक उतार्न पर्ने आवश्यकता छैन । तर अहिले अमेरिकाले के कस्ता कदम चाल्ने हो अनिश्चित नै छ । यो युद्ध टल्ने हो कि अभूतपूर्वरुपमा चर्किने हो अहिले विश्व खतराको गम्भीर चरणबाट गुज्रिरहेको छ ।

जे विश्लेषण गरिए पनि साम्राज्यवाद रहुञ्जेल युद्धको खतरा रहिरहन्छ भन्ने लेनिनको विश्लेषण अहिले पनि उत्तिकै सामयिक देखिएको छ । शस्त्रास्त्रको होडबाजी, हतियारको व्यापार तथा मध्यपूर्व, यक्रेन-रुसको युद्धको स्थिति र हालेको बंगलादेशको घटनाले समेत विश्व शक्तिहरू युद्धको विकास र व्यापार गर्न र अफ्नो प्रभाव क्षेत्र बढाउन पछि पर्दैनन् भन्ने नै यथार्थ सबैले देखिरहेका छन् र कैयौंले भोगी पनि रहेका छन् । शान्तिको कुरा गर्दै युद्धको तयारी गर्ने काम दोश्रो विश्व युद्धपछि पनि चलिरहेकै छ । त्यसैले कि साम्राज्यवाद कमजोर हुँदै अन्त्य हुने कि अभूतपूर्व युद्धद्वारा नै सकिने आजको संसार यही खतरनाक स्थितिमा खडा हुँदैछ ।

सौर्य दैनिक मधेस

# नि:सन्तान दम्पतीका लागि एकदिने शिविर



**सौर्य समाचार**

जनकपुरधाम । नैना हस्पिटलले नि:सन्तान दम्पतीका लागि एकदिने शिविर आयोजन गरेको छ ।

जनकपुरधाममा शनिबार पत्रकार सम्मेलन आयोजना गर्दै नैना हस्पिलका सञ्चालक डा.बृजमोहन रजकले नि:सन्तान दम्पतीका लागि एकदिने नि:शुल्क शिविर सञ्चालन गरिएको जानकारी दिए । सो शिविरमा १०० भन्दा बढी दम्पतीले स्वास्थ्य चेकजाँच गरी सेवा लिएको उनले बताए ।

अधिकांश चेकजाँच गराउन आउने दम्पतीलाई नि:सन्तानको शंका लागेको र स्थानीयस्तरमा १०० जनामा एकाधमा सो समस्या रहने गरेको पाइएको उनले बताए ।

उनले अधिकांश नि:सन्तान रहेको भनी शंका लागेको दम्पतीलाई काउन्सिलिङ गरी जनचेतना जागृत गराएको बताउँदै सञ्चालक डा.रजकले प्रायःमा धार्मिक अन्धविश्वासका कारण स्वास्थ्य उपचारको साटो धामीझांक्री र बाबा कहाँ गएर सन्तानका लागि हारगुहार गर्ने मनोवृत्ति देखिएकोले स्थानीयस्तरमाबाँझोपनाकोसमस्या देखिएको बताए ।

# लागुऔषधसहित दम्पती पक्राउ

**पवन यादव**

पर्सा । प्रतिबन्धित लागुऔषधसहित ३ दिनअघि पक्राउ परेका एक दम्पतीलाई पर्सा प्रहरीले आइतबार सार्वजनिक गरेको छ ।

वीरगञ्ज महानगरपालिका-१६ इनर्वा गाउँ नजिकैबाट प्रतिबन्धित लागुऔषधसहित पक्राउ परेका दम्पतीलाई जिल्ला प्रहरी कार्यालय पर्साले ३ दिनपछि सार्वजनिक गरेको हो ।

भारतीय सहर रक्सौलबाट वीरगञ्जतर्फ पैदल आउँदै गरेको अवस्थामा शंका लागि चेकजाँच गर्दा उनीहरूको साथमा रहेको कालो जेब्रा झोलाबाट नाइट्रोभेट-१० लेखिएको २९४ पिस ट्याब्लेट प्रहरीचौकी इनर्वाबाट खटिएको टोलीले बरामद गरेको थियो ।

बरामद भएको प्रतिबन्धित औषधिसहित बारा कोल्हवी नगरपालिका-७ निवासी २१ वर्षीय अनिल पौडेल र उनकी श्रीमती २० वर्षीया प्रेरणा पौडेललाई शुक्रबार अपरान्ह साढे ३ बजे नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी दीपक भारतीले बताए ।

उनीहरूलाई प्रहरी हिरासतमा राखेर लागुऔषध ओसारपोसार मुद्दामा अदालतबाट म्याद थप गराई घटनाबारे थप अनुसन्धान सुरु गरिएको डिएसपी भारतीले जानकारी दिए ।



# दोषमुक्त हुने दाउमा जनमत पार्टी

**सौर्य समाचार**



जनकपुरधाम । जनमत पार्टीले आफ्ना नेता तथा मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई शुक्रबार स्पष्टीकरण सोधेर जनताको बीचमा अलोकप्रियतालाई परास्त गर्न दाउ रचेको टिप्पणी हुन थालेको छ ।

मुख्यमन्त्री सिंहले गत मंगलबार मन्त्रीमण्डल बिस्तार गरी २० पुऱ्याएपछि आलोचित बनेका कारण जनमतले दोषमुक्त बनाउन दाउ खेलेको राजनीतिज्ञहरूको भनाइ छ । जनता समाजवादी पार्टी(जसपा)नेपालले जम्बो मन्त्रीमण्डलविरुद्ध सडकमा कुर्सी जुलुस गरेको छ । प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) लगायतले पनि विरोध गरेको थियो ।

सुशासनको नारा दिएर सरकारको नेतृत्व पाएको जनमत पार्टीले १२ मन्त्रालय रहेको प्रदेशमा २० मन्त्री बनाएर विवादमा परेको बेला पार्टीले मुख्यमन्त्री सिंहको टाउकोमा दोष थोपारेर चोखिन खोजेको आरोप विपक्षी नेताहरूले लगाएका छन् ।

जम्बो मन्त्रिपरिषद् बनाएको विषयमा मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोधिएको जनमतका प्रवक्ता डा.शरदसिंह यादवले बताएका छन् । 'मन्त्रीमण्डलमा कार्यविभाजन गर्दा पार्टीको सहमति लिएको थिएन', उनले भने, 'पछिल्लोपटक मन्त्रीमण्डल विस्तारगर्दा पनि मुख्यमन्त्रीले आफूखुसी गरेका छन् ।'

जनमत पार्टीका सभासद सिंहलाई मुख्यमन्त्रीमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले समर्थन गरेको छ । एमालेले भौतिक पूर्वाधार, गृह, सञ्चार तथा कानुन, खेलकुद तथा समाजकल्याण र स्वास्थ्य तथा जसंख्या मन्त्रालय लिएको छ ।

त्यसैगरि कांग्रेसले अर्थ, भूमि व्यवस्था, कृषि तथा सहकारी, ऊर्जा, सिँचाइ तथा खानेपानी र श्रम तथा यातायात मन्त्रालय लिएको छ । लोसपाको भागमा शिक्षा तथा संस्कृति मन्त्रालय परेको छ ।

जनमतले मुख्यमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन र वन तथा वातावरण मन्त्रालय पाएको छ । यसअघि जसपा नेपालको मुख्यमन्त्री हुँदा अर्थ, ऊर्जा, सिँचाइ तथा खानेपानी, खेलकुद तथा समाज कल्याण मन्त्रालय लिएको थियो । तर जनमत पार्टी वन र उद्योग, वाणिज्यमा सीमित भएको छ । पार्टीका नेता तथा कार्यकर्ताले सरकार र नेतृत्वको कडा आलोचना गर्दै सरकारको नेतृत्वमा पुगेर पार्टी धराशायी हुने उच्चजोखिममा परेको बताउन थालेका छन् ।

पार्टीभित्र र बाहिर तीव्र आलोचना हुन थालेपछि मुख्यमन्त्रीलाई स्पष्टीकरण सोधेर पार्टीको गुम्न लागेको जनविश्वास जोगाउने दोस्रो अन्तिम अस्त्र चलाएको बताइन्छ । जसपाले सरकारलाई घेर्ने प्रयास गरिरहेको बेला जनमतले मुख्यमन्त्री र सत्ता गठबन्धनका प्रमुख साझेदार एमाले र कांग्रेसमाथि दोष थोपार्ने काम गरेको आरोप लाग्न थालेको छ ।

सिंहले मन्त्रालय बाँडफाँट गर्दा पार्टीसँग समन्वय नगरेको र अहिले राज्यमन्त्री थपेको पनि जानकारी नगराएको स्पष्टीकरणमा उल्लेख रहेको प्रवक्ता डा.यादवले जारी गरेको प्रेस नोटमा उल्लेख छ । 'परिणाम देखिनेगरी जनताको हकहितका लागि मन्त्रालयको काममा मुख्यमन्त्रीले ध्यान दिएका छैनन्', उनले प्रेस नोटमा भनेका छन्, अनावश्यक उद्घाटन समारोहमा समय खर्चिंदै आएको उनीमाथि आरोप लागेको छ ।

'पार्टीले दिएका निर्देशन मुख्यमन्त्री सिंहले मानेका छैनन्', यादवले जारी गरेको प्रेस नोटमा अगाडि भनिएको छ । बजेट बनाउने क्रममा सांसदलाई ५ करोड दिने विवादास्पद अभिव्यक्ति दिई पार्टीको छविमा बारम्बार आँच पुऱ्याउने विषय स्पष्टीकरणमा उल्लेख गरिएको छ ।'

मुख्यमन्त्री सिंहले पनि स्पष्टीकरण सोधिएको पुष्टि गर्दै भने, 'यो पार्टीको समान्य प्रक्रिया हो । केही विषयमा पार्टीलाई थप जानकारी चाहिएको हुन सक्ने भएकाले स्पष्टीकरण सोधिएको र त्यसको जवाफपछि विषयवस्तु प्रष्ट हुनेछ ।'

प्रवक्ता यादवले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोध्ने पार्टीको अधिकार रहेको बताउँदै उनले जवाफ दिएपछि निरुपण हुने बताए । स्पष्टीकरण सोध्दैमा ठूलो दुर्घटना हुने जस्तो केही नरहेको उनले बताए ।

जनमत पार्टीका अध्यक्ष सिके राउतको सचिवालयले समाजिक सञ्जालमा पनि मधेस प्रदेशमा गठबन्धनको सरकार रहेको बताउँदै जनमत पार्टीको सरकार नभएको बुधबार उल्लेख गरेको थियो ।

नेकपा एमालेले जनमतको दोषारोपणप्रति आपत्ती जनाएको छ । 'सरकार गठन हुने बखत सहमति भएपछि मात्र सपथग्रहण भएको थियो', नेकपा एमाले मधेस प्रदेश संसदीय दलका नेतासमेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवले भने, 'सहमति विपरीत एमालेले सरकारमा मन्त्रालय लिएको छैन । एमालेको २४ जना सभासद रहेकोमा ४ मन्त्री र ३ राज्यमन्त्री लिएको छ ।'

नेपाली कांग्रेसले पनि जनमतको पछिल्लो प्रतिक्रियाप्रति असहमति जनाएको छ । मधेस प्रदेशका सभापतिसमेत रहेका संसदीय दलका नेता कृष्ण यादवले जनमत पार्टी आफ्नो संख्या बढाउन राज्यमन्त्रीहरू थप गरेको बताएका छन् ।

'कांग्रेसको २२ जना सभासदमा ४ मन्त्री र २ राज्यमन्त्री रहेको छ', उनले भने, 'तर जनमतको १३ सभासदमा १ जना मुख्यमन्त्री, २ जना मन्त्री र २ जना राज्यमन्त्री राखेको छ ।' जनमतले आफ्नो मन्त्री थप गर्न एमाले र कांग्रेसबाट राज्यमन्त्री थप गरिएको उनले बताए । ८ सभासद भएको लोसपालाई १ मन्त्री र १ राज्यमन्त्री दिएको यादवले जनाए ।

संवैधानिक प्रावधानअनुसार मधेस प्रदेशमा कुल सभासदको २० प्रतिशत मन्त्री बनाउन सकिन्छ । १ जना मन्त्री अथवा राज्यमन्त्री अझै थप गर्ने ठाउँ रिक्त रहेको छ ।

जनमतले संसदीय दलका नेता महेश प्रसाद यादवलाई पञ्छाएर सिंहलाई मुख्यमन्त्री बनाएको छ । दलको नेता अझै यादव नै रहेका छन् । तर उनको भूमिका कमजोर बनाइएको छ ।

# २२ हजार करदाताले बुझाएनन् वार्षिक कर

**सौर्य समाचार**

धनुषा । आन्तरिक राजस्व कार्यालय जनकपुरले व्यावसायिक प्यान नम्बर लिएका २२ हजार करदाताले वार्षिक कर नतिरेको जनाएको छ । गत आर्थिक वर्ष २०८०/०८१ मा ती करदाताले आफैं कार्यालय आई तिर्नुपर्ने कर नबुझएको कार्यालयबाट जानकारी प्राप्त भएको छ । सो कार्यालयअन्तर्गत ३७ हजार व्यावसायिक करदाता रहेको छ । त्यसमध्येका १५ हजार करदाताले मात्र वार्षिककर अर्थात् (आयव्यय) राजस्व बुझाएको बताइएको छ । कर नबुझाएमा कानुनबमोजिम कारबाही तथा जरिवाना हुने कार्यालयले स्पष्ट गरेको छ ।

यसैगरी, पटकपटक ताकेता गर्दासम्म राजस्व नबुझाउने २० वटा उद्योगी तथा व्यावसायिक फार्ममाथि कानुनी कारबाही गरी गत आर्थिक वर्षमा १० करोडभन्दा बढी राजस्व संकलन गरेको कार्यालय प्रमुख किशोर बर्तौलाले जानकरी दिए ।

लामो समयदेखि नियमानुसार लाग्ने कर दस्तुर नबुझाउने १७८ व्यावसायिक फार्मलाई कारबाही गर्ने सूचना जारी गरेपछि २० व्यावसायिक फार्मले कर बुझाएका छन् ।

कार्यालयबाट उपलब्ध तथ्यांक विवरणमा सो कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७९/०८० को तुलनामा गत आर्थिक वर्ष २०८०/०८१ मा राजस्व सकंलनमा वृद्धि भएको जनाएको छ । प्राप्त विवरणमा अघिल्लो आर्थिक वर्ष ३ अर्ब ७० करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा ३ अर्ब ४४ करोड संकलन भएको थियो । त्यस्तै गत आर्थिक वर्ष २०८०/०८१ मा ४ अर्ब ४६ करोड ६३ लाख राजस्व संकलन भएको कार्यालय प्रमुख बर्तौलाले जानकारी दिए । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा करिब ११ प्रतिशतले राजस्व वृद्धि भएको कार्यालयले जनाएको छ । गत आर्थिक वर्ष सो कार्यालयले लिएको लक्ष्यअन्तर्गत आयकरबापत १ अर्ब ४५ करोड ४७ लाख, घरभाडाबापत ६ करोड ३५ लाख ६६ हजार, ब्याजकरबापत ११ करोड ११ लाख २२ हजार, मूल्यअभिवृद्धिकरबापत १ अर्ब ३० करोड १५ लाख ५५ हजार, अन्तशुल्कबापत १ अर्ब ५३ करोड ४२ लाख ८७ हजार, स्वास्थ्यकरबापत ११ लाख ३ हजार र शिक्षाकरवापत ४९ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेको थियो ।

प्राप्त विवरणमा गत आव २०८०/०८१ मा आयकरबापत १ अर्ब १९ करोड ३८ लाख ७१ हजार, घरभाडाबापत ३ करोड ५० लाख २२ हजार, ब्याजकरबापत ७ करोड २० लाख ७४ हजार, मूल्यअभिवृद्धिकरबापत ९७ करोड ७८ लाख ६२ लाख, अन्तशुल्ककरबापत १ अर्ब ५४ करोड ६६ लाख २१ हजार, स्वास्थ्यकरवापत १५ लाख ३१ हजार, शिक्षाकरबापत १ लाख ६८ हजार तथा अन्यकरबापत १२ लाख २६ हजार गरी कुल ३ अर्ब ८२ करोड ८३ लाख ७५ हजार रुपैयाँ राजस्व संकलन भएको थियो ।

# 'खुसी'को आवरण सार्वजनिक

**सौर्य समाचार**

धनुषा । सञ्चारकर्मी सुजीत कुमार झाद्वारा लिखित मैथिली पुस्तक खुसीको आवरण सार्वजनिकीकरण एक कार्यक्रमका बीच सम्पन्न भएको छ ।

'खुसी वीरेन्द्रक यात्रा कथा' पुस्तकको आवरण सार्वजनिक गर्दै कार्यक्रम सम्पन्न भएको छ । सो पुस्तकको आवरण कार्यक्रमका प्रमुख अतिथि राम मन्दिरका महन्थ राम गिरीले सार्वजनिक गरेका हुन् । सञ्चारकर्मी झाद्वारा लिखित यो पुस्तकको प्रकाशन मोडेल मल्टिपल कलेज जनकपुरधामले गरेको छ ।

पुस्तकको आवरण सार्वजनिक गर्दै कार्यक्रमका प्रमुख अतिथि राम मन्दिरका महन्थ राम गिरिले समाजका हरेक तह तप्काका व्यक्ति सदैव खुसी रहुन् कामना गरे ।

पुस्तकमा मोडेल मल्टिपल कलेजका संस्थापक वीरेन्द्र साहलाई केन्द्र बनाएर उनको संघर्षका साथै सफलताको कथालाई समेटिएको छ । आफूलाई केन्द्र बनाएर पुस्तक लेखिएकोमा कलेजका संस्थापक साहले खुसी व्यक्त गरे ।

उनले आफू जनकपुरधाममा शिक्षाको क्रान्ति ल्याउने अभियानमा लागेको र सो अभियानमा सञ्चारकर्मी झाद्वारा लिखित यो पुस्तक सहायक सावित हुने विश्वास व्यक्त गरे । साथै यो पुस्तकले आफ्नो यो अभियानमा थप ऊर्जा प्रदान गरेको बताए ।

मोडेल खबरका सल्लाहकार एवं प्राध्यापक डा.सुरेन्द्र लाभले पुस्तकको लेखक झालाई कलमवीर तथा पुस्तकको केन्द्रबिन्दु साहलाई कर्मवीरको संज्ञा दिए । उनले दुवै व्यक्तित्व आ-आफ्नो क्षेत्रमा अविराम भएर लागेकोमा प्रशंसा व्यक्त गरे ।

पुस्तकका लेखक झा निरन्तर आफ्नो पुस्तक प्रकाशनतर्फ केन्द्रित रहेको र पुस्तकका केन्द्रबिन्दु साह शिक्षा अभियानमा निरन्तर लागेको र निरन्तर संघर्षरत रहेकाले एकलाई कलमवीर तथा अर्कालाई कर्मवीरको संज्ञा दिएको बताए ।

बरिष्ठ साहित्यकार रोशन जनकपुरीले खुसी प्राप्त गर्ने सबैभन्दा ठूलो माध्यम नै संघर्ष रहेको बताए । पुस्तकमा वीरेन्द्र साहको संघर्षको यात्राका साथै उनको खुसीका कारणका विषयमा लेखिएको होला, उनले भने 'उनले गरेको अथक संघर्षकै कारण अहिले आएर एउटा सफल शिक्षा व्यवसायी बन्न सफल भएका छन्, उनले संघर्षको माध्यमले खुसी प्राप्त गरेका हुन् ।'

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले कार्यक्रममा मोडेल कलेजका संस्थापक साहको संघर्षका दिनहरूलाई स्मरण गरे । उनी सामान्य संघर्ष गर्ने युवाबाट आज सफल शिक्षा व्यवसायीको रूपमा आफूलाई स्थापित गर्न सफल भएकोमा खुसी व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ मधेस प्रदेशका अध्यक्ष राजेश कर्णले पुस्तकका मुख्यपात्र साहको संघर्ष यात्राको साक्षी पात्र आफू पनि रहेको बताए । शिक्षाले लाखौं व्यक्तिमा खुसी ल्याउने काम गरेकाले उनको यो अभियानमा सबै पक्षको सहयोग र साथ हुनु आवश्यक रहेको बताए ।

पुस्तकका लेखक झाले खुसी पुस्तकमा मोडेल कलेजका संस्थापक वीरेन्द्र साहको संघर्ष, जीवन तथा अनुभवलाई पृष्ठभूमि बनाएर तयार पारिएको बताए । पुस्तक एक सातापछि अनावरण गरिने उनले जानकारी दिए ।

कार्यक्रममा मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, रामयुवा कमिटीका पूर्वअध्यक्ष प्रमोद चौधरी, अभियानी सुरेश शर्मा, साहित्यकार मनोज प्रमेश लगायतका व्यक्तित्वहरूले आ-आफ्नो धारणा राखेका थिए ।

# औरहीका अध्यक्षद्वारा सार्वजनिक जग्गा व्यक्तिको नाममा सिफारिस



**सौर्य समाचार**

सिरहा । सिरहाको औरही गाउँपालिकाका गाउँपालिका अध्यक्ष शिवजी यादवले सार्वजनिक जग्गा एक व्यक्तिको नाममा सिफारिस गरिदिएको पाइएको छ ।

सिरहाको औरही गाउँपालिका-५ स्थित रहेको १ कठ्ठा १० धुर जग्गा मात्र श्रेस्तामा रहे पनि गापा अध्यक्ष यादवले स्थानीय शिवराम यादवको नाममा ६ कठ्ठा जग्गा सिफारिस गरिदिएको पाइएको हो । २००४ सालको नापीअनुसार सकनी गुवारनीको नाममा रहेको साबिक औरही गाविस-८(ख) को २१५ नम्बरको कित्ता तत्कालीन श्री ५ को सरकारको नाममा भए पनि गाउँपालिका अध्यक्षले शिवराम यादवको नाममा सिफारिस गरिदिएको पाइएको हो । उनले केही जग्गालाई ६ कठ्ठा जमिन अतिक्रमण गर्ने गरी सिफारिस गरिदिएपछि अदालत गुहारेको हो ।

२०४८ सालमा आएको भूमि सुधारबाट प्रमाणपत्र लिएकोमा हाल कित्ता नं. २१५ मा श्री ५ सरकारको नाममा गएको देखिएको छ । सो जग्गामा शिवराम यादवले भोगचलन गर्न थालेपछि अदालतमा मुद्दा दायर गरिएको थियो । जिल्ला अदालत सिरहामा जग्गा खिचोलाको मुद्दा दायर भएकोमा सो जमिन सरकारकै नाममा रहेको देखाइएको छ । यद्यपी, शिवराम यादवले सो जग्गामा भोगचलन रोकेका छैनन् ।

गाउँपालिका अध्यक्ष शिवजी यादवले लाखौं रुपैयाँ लिएर सो जग्गा शिवराम यादवको नाममा सिफारिस गरेको आरोप छ । करोड बढी मूल्य पर्ने सो जग्गा हथियाउनका लागि गाउँपालिका अध्यक्ष यादवले नै योजना बनाएको बुझिएको छ । यस सन्दर्भमा गाउँपालिका अध्यक्षसँग सम्पर्क गर्न खोज्दा सम्पर्क भने हुन सकेनन् ।

# बोस्टनमा नेपाली कलाकारको प्रस्तुति



■ सौर्य समाचार

काठमाडौँ । गायिका शान्तिश्री परियार, ज्योति मगर र रचना रिमालले अमेरिकाको बोस्टनमा सांगीतिक प्रस्तुति दिएका छन् । 'अब नाच्छ अमेरिका' शीर्षकमा फ्लाई नेपाले आयोजना गरेको कार्यक्रममा गायिकाहरूसहित मोडल करिश्मा ढकालले दर्शक नचाए । 'अब हाँस्छ अमेरिका'को सफलतापछि आयोजक फ्लाई नेपाले अमेरिकाका नेपालीलाई नचाउने लक्ष्यसहित कार्यक्रमको आयोजना गरेको हो । तिज लक्षित कार्यक्रमको सुरुआत अमेरिकाको बोस्टनबाट शनिबार नेपालको राष्ट्रिय गानसँगै गरिएको थियो । मञ्चमा देखापरेका करिश्मा, रचना, शान्ति श्री र ज्योति मगरले बोस्टनका ५०० बढी दर्शकलाई ३ घन्टा भरपुर मनोरञ्जन दिए । प्रस्तुतिको सुरुआत करिश्माले 'हिजो राति सपनीमा' बोलको नृत्यबाट गरेकी थिइन् । करिश्माले तताएको माहोललाई थप जोशिलो बनाउँदै गायिका रचना रिमालले आफ्ना हिट नम्बरहरू प्रस्तुत गरेकी थिइन् ।

उनले परदेशीलाई भावुक बनाउने 'नमुछे आमा दहीमा टीका'बाट गाउन सुरु गरे पनि प्रस्तुतिको अन्त्यतिर 'सम्भिने पानी छम्किने' 'मिनरल वाटर' आदि गाएकी थिइन् । रचना रिमालपछि शान्ति श्री परियारले 'गलबन्दी च्यातियो', 'अरेली काँडैले' 'लाहुर जाने रेलैमा' लगायतका दर्जन हाराहारी चर्चित गीत प्रस्तुत गरेकी थिइन् । 'बोल माया' 'लौन दाजै' गीतबाट आफ्नो गायकी सुरु गरेकी उनले दर्शकलाई सुरुमै भावुक बनाएकी थिइन् ।

कार्यक्रमको बिट मार्ने गरी मञ्चमा आएकी ज्योति मगरले पनि आफ्नो पहिचान अनुरूप दर्शकलाई गीत र नृत्यको धुनमा डुबाएकी थिइन् । उनले पनि आफ्ना चर्चित गीत 'ढाडे बिरालो' 'उही मुलाको सिन्की' गाइन् । आयोजक विनोद अधिकारीले परदेशमा घरदेश जोड्ने अभिप्रायले कार्यक्रम गरेको बताउँदै पहिलो कार्यक्रम अन्त्यन्त सफल रहेको प्रतिक्रिया दिए ।

'देशका चर्चित स्टयान्ड कमेडियनलाई लिएर गरिएको अमेरिका यात्रा 'अब हाँस्छ अमेरिका' सफलतापछि हामीले 'अब नाच्छ अमेरिका' को तयारी गरेका थियौँ । जसको सुरुआत बोस्टनबाट भव्यताका साथ सुरु भएको छ', आयोजक विनोदले भने, 'यो चाडबाडको समयमा दर्शकको ३ घन्टाको अमूल्य समय सार्थक पारौँ भन्ने हाम्रो प्रयास हो जुन पहिलो कार्यक्रमले नै पूरा गरेको छ ।' उनका अनुसार गायिका तथा मोडलको टोलीले न्युयोर्क, वासिंगटन डिसी, ओहायो, कोलोराडो, बोस्टन, पेन्सेल्भेनिया, सिकागो र क्यालिफोर्निया आदी ठाउँमा कार्यक्रम गर्नेछ ।

अमेरिकाका कुल २१ सहरमा कार्यक्रमको टुंगो लागिसकेको उनले जानकारी दिएका छन् । करिब २ महिना चल्ने कार्यक्रम सकेर टोली सेप्टेम्बर ३० मा नेपाल फर्कनेछ ।

# गायक तिमिल्सिना मृत अवस्थामा फेला



काठमाडौँ । गायक प्रकाश तिमिल्सिना आफ्नै कोठमा मृत भेटिएका छन् । ललितपुर जिल्ला प्रहरी परिसरका प्रवक्ता, एसपी नरेशराज सुवेदीका अनुसार गायक तिमिल्सिना ललितपुर महानगरपालिका-१८ आदिनाथ मार्गस्थित आफ्नै कोठामा मृत अवस्थामा फेला परेका हुन् । 'हामीलाई आइतबा बिहान ५ बजेतिर खबर आएको थियो', उनले भने, 'उहाँ आफ्नै बेडमा मृत अवस्थामा फेला पर्नुभयो ।'

उनको मृत्यु के कारणले भन्ने अहिले खुलिनसकेको एसपी सुवेदीले बताए । 'मुखमा रगत र फिँज देखिएको छ', एसपी सुवेदीले भने, 'अहिले मृत्युको कारणबारे केही पनि अनुमान गर्न सकिने अवस्था छैन ।'

उनका अनुसार पोस्टमार्टमका लागि तिमिल्सिनाको शव पाटन अस्पताल लगिएको छ । ' अब त्यसको रिपोर्ट आएपछि केही खुल्ला', एसपी सुवेदीले भने । एसपी सुवेदीका अनुसार गायक तिमिल्सिना राति कोठामा एक्लै थिए । 'उहाँको मेडम काम विशेषले विराटनगर जानुभएको रहेछ, उहाँसँग कुरा भएअनुसार उहाँलाई पर्खिनुपर्ने अवस्था छ', उनले भने ।

दृष्टिविहीन गायक तिमिल्सिना २०६५ सालमा ईमेज च्यानलले आयोजना गरेको एउटा रियालिटी शोमा विजयी भएपछि सांगीतिक क्षेत्रमा उदाएका थिए । गायक तिमिल्सिनाले 'खलि', 'प्रिय तिम्रो सिउँदोमा सिन्दुर भर्न देऊ', 'तिम्रो हातको सिन्दुर', 'जुन भन्दिनँ', 'तिमीलाई देखेर आँखा त्यहीँ छोडी हिँडे' म आदि गीत गाएका छन् । यसबाहेक उनले धेरै वटा लोकप्रिय गीतका कभर भर्सन पनि गाएका छन् । *(सौस)*

# 'नरसिंहा: अवतार'मा नीति शाह पनि

काठमाडौँ । दीवाकर भट्टराईको निर्देशनमा बन्ने फिल्म 'नरसिंहा: अवतार' यतिबेला चर्चामा छ । यसै फिल्मबाट राजेश हमालले ८ वर्षपछि कमब्याक गर्न लागेपछि यो फिल्म सबैको चासोमा छ ।

यसैबीच, फिल्मको मुख्य अभिनेत्रीमा नीति शाह अनुबन्धित भएकी छन् । निर्माणटिमले एक पोस्टर सार्वजनिक गर्दै शाह फिल्ममा भित्रिएको जानकारी दिएको हो । सार्वजनिक लुक्समा आकर्षक पहिरन र गहनामा सजिएकी नीति निकै सुन्दर देखिएकी छन् । फिल्ममा उनको भूमिका के हुन्छ भन्ने निर्माण पक्षले खुलाएको छैन ।

नरसिंहाको अर्थ भगवान् विष्णुको उग्र अवतार हो । निर्माणपक्षले बिहीबार फिल्मको घोषणा गरिएसँगै थिम पोस्टर सार्वजनिक गरेको थियो । जहाँ, थिम पोस्टरले युद्धको संकेत गर्छ । क्रिएटिभ सिने आर्टको प्रस्तुति रहने फिल्म भदौबाट छायांकनमा जाने तयारी छ । फिल्मको बजेट ३ करोडभन्दा माथि हुने बताइएको छ । *(सौस)*




# खानले लिए अभिनयबाट सन्यास



■ एजेन्सी

मुम्बई । बलिउड अभिनेता आमिर खानले अभिनयबाट सन्यास लिने भएका छन् । हालै भारतको सर्वोच्च अदालतमा आमिर खानको फिल्म 'लापता लेडिज' देखाइएको थियो । सोही क्रममा आमिरले अभिनय क्षेत्रबाट सेवा निवृत्त हुनेबारे कुराकानी गरेका हुन् । 'कोरोना भाइरसको महामारीको समयमा मैले फिल्म प्रडक्सन नै आफ्नो करियरको अन्त्य हुने महसुस गरेको थिएँ । म त्यतिबेला ५६ वर्षको थिएँ । यी वर्षमा मेरो उमेर अरू बढिसकेको छ । शायद आफ्नो काम देखाउन मसँग अब १५ वर्ष जति बाँकी होला', आमिरले भनेका थिए ।

अबका वर्षमा आफूले वर्षमा एउटा मात्रै फिल्म खेल्ने पनि उनले बताए । तर निर्माताको रूपमा भने आफूलाई दम छ जस्तो लागेका सबै कथा कहानी देखाउन सक्ने उनले बताए । आमिर खानले प्राय: बलियो सन्देश भएका फिल्महरू मात्रै गर्छन् ।

फिल्म निर्माण गरेर आफूले नयाँ नयाँ आवाज र कहानीलाई मौका दिने उनको भनाइ छ । वर्षमा ४५ वटा जति फिल्म बनाउँछु भन्ने आफूले सोचेको पनि उनले बताएका छन् । ओटिटी प्लेटफर्ममा रिलिज भएको लापता लेडिजलाई दर्शकहरूले निकै मन पराएका थिए । 'मिस मंगोल नेपाल २०२४' को उपाधि खोटाङकी २३ वर्षीया एन्जल राईले जितेकी छन् । राईले उपाधिसहित १ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेकी स्नातक अध्ययनरत एन्जलले अब प्रभु बैंक, नेपाल आदिवासी जनजाति महासंघ, रिडी ग्रुप लिमिटेड एवं नेपाल क्यान्सर निवारण प्रतिष्ठानको सद्भावना दूत भई काम गर्ने अवसरसमेत पाएकी छन् । एक्सन इन्टरटेनमेन्टद्वारा आयोजित प्रतियोगितामा पाँचथरकी बिपिका लिम्बु फस्ट रनर अप र बाराकी शाहिशा राईले 'मिस मंगोल मधेस' सहित सेकेन्ड रनर अपको उपाधि चुम्न सफल भएका छन् ।

प्रभु बैंक प्रायोजित नेपाल आदिवासी जनजाति महासंघको सहकार्यमा रिडी ग्रुपको प्रस्तुति रहेको प्रतियोगितामा वरिष्ठ चलचित्र निर्देशक एवं अभिनेता नीर शाह प्रमुख निर्णायक, संस्कृतिविद् डा.भक्त राई, हास्य कलाकार मनोज गजुरेल, पूर्व मिस मंगोल जाङमु इन शेर्पा, शिक्षासेवी एवं प्याजेन्ट कोज पूर्ण लामा र स्टाफ कलेज पुल्चोकका डेपुटी डाइरेक्टर शिवहरि अधिकारी निर्णायक रहेका थिए ।


## काठ दाउरा लिलाम विक्री सम्बन्धी सूचना

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समुह**
**गौरीगमा न पा.०१. कैलाली**

उपरोक्त सम्बन्धमा यस कार्यालयको च.न २०८२ मिति २०८० ११ २४ गतेको काठ दाउरा संकलन सहमती अनुसार त्यहाँ समुहको स्वीकृत श्रोत सर्वेक्षण तथा विश्लेषण कार्ययोजना अनुसार आव २०८०/०८१ मा संकलन गरि सामुदायिक वन उपभोक्ता समुहको कम्पाउण्डमा घाटगरी भएको सांदन, साल, अस्ना, जामुन, सिसम, हल्दू र सिगाने जातकी गोलिया काठ निलाम प्रक्रियाद्वारा विक्री वितरण गर्नको लागि समूहको मिती २०८१/०४/२४ गतेको निर्णयको प्रतिलिपी महित गौरीगंगा सब डिभिजन बन कार्यालय चौमाला, कैलालीको च.नं. १६ मिति २०८१/०४/२४ गतेको पत्रबाट सिफारिस भई बाएको हुदाँ यस कार्यालयको मिति २०८१/०४/२७ गतेको निर्णय अनुसार पाटगद्दीमा मौज्दात रहेको निम्न बमोजिम जात. धान र परिमाणको काठ मात्र लिलाम विक्रि प्रक्रियाद्वारा बिक्रि वितरण गर्न यो सहमति पत्र दिईएको छ । प्रचलित, ऐन नियम र निर्देशिका बमोजिमको प्रक्रिया पुरा गरी निलाम बिक्री गर्नुका साथै रुखहरु सकलन गरेको स्थानमा यथाशिघ्र वक्षरोषण गर्न वा पुनरुत्पादनको व्यवस्था मिलाउन हुन समेत जानकारी गराईन्छ ।

**तपशिल**

| | | जम्मा उत्पादित परिमाण हुबर अनुसार | | | आन्तरिक खपत भएको परिमाण हुबर अनुसार | | | जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याईएको परिमाण हुबर अनुसार | | | बाँकी परिमाण क्वाटर गर्थ अनुसार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | जात | ग्रेड | थान | परिमाण (घ.फि.) | ग्रेड | थान | परिमाण (घ.फि.) | ग्रेड | थान | परिमाण (घ.फि.) | ग्रेड | थान | परिमाण (घ.फि.) |
| १ | साँदन | | १९ | १७२.२२ | | १ | १२.१४ | | ० | ०.०० | | १८ | १२५.७४ |
| | | जम्मा | १९ | १७२.२२ | | १ | १२.१४ | ० | ० | ० | ० | १८ | १२५.७४ |
| २ | साल | A | ६५ | १३४४.८५ | A | ५४ | ११४८.८४ | A | ७ | ११९.७० | A | ४ | ६०.४२ |
| | | B | ७८ | ८९५.२३ | B | ५४ | ६१५.९० | B | १२ | १३८.६८ | B | १२ | ११०.५२ |
| | | C | ८९ | ६०३.४१ | C | ३९ | २५९.१५ | C | १६ | १०७.५१ | C | ३४ | १८५.८० |
| | | D | १९ | ९०.५६ | D | ० | ०.०० | D | ४ | १८.९१ | D | १५ | ५६.२० |
| | | जम्मा | २५१ | २९३४.०५ | ० | १४७ | २०२३.८९ | ० | ३९ | ३८४.२७ | ० | ६५ | ४१३.०८ |
| ३ | अस्ना | A | ११ | ४२७.८० | A | १ | ३२.७७ | A | ० | ०.०० | A | १० | ३१०.२६ |
| | | B | २ | २६.५८ | B | ० | ०.०० | B | ० | ०.०० | B | २ | २०.८७ |
| | | C | ३ | ७४.५४ | C | ० | ०.०० | C | ० | ०.०० | C | ३ | ५८.५५ |
| | | जम्मा | १६ | ५२८.९२ | ० | १ | ३२.७७ | ० | ० | ०.०० | ० | १५ | ३८९.६८ |
| ४ | जामुन | B | ५ | ५३.०९ | B | ० | ०.०० | B | ० | ०.०० | B | ५ | ४१.७० |
| | | C | ४ | २८.०० | C | ० | ०.०० | C | ० | ०.०० | C | ४ | २१.९९ |
| | | जम्मा | ९ | ८१.०९ | ० | ० | ०.०० | ० | ० | ०.०० | ० | ९ | ६३.६९ |
| ५ | सिसम | A | ७२ | १२३४.४८ | A | १८ | २६५.६८ | A | ० | ०.०० | A | ५४ | ७५२.६२ |
| | | B | ८० | ६४९.५९ | B | २ | १८.८२ | B | ० | ०.०० | B | ७८ | ४९५.४१ |
| | | C | ३२ | १७७.५७ | C | ० | ०.०० | C | ० | ०.०० | C | ३२ | १३९.४६ |
| | | D | ४ | १३.५७ | D | ० | ०.०० | D | ० | ०.०० | D | ४ | १०.६६ |
| | | जम्मा | १८८ | २०७५.२१ | ० | २० | २८४.५० | ० | ० | ०.०० | ० | १६८ | १३९८.१५ |
| ६ | हल्दु | A | ३ | ४७.५६ | A | १ | १२.४४ | A | ० | ०.०० | A | २ | २७.५९ |
| | | B | ४ | ३२.६३ | B | १ | ८.१९ | B | ० | ०.०० | B | ३ | १९.२० |
| | | C | १ | ६.१९ | C | ० | ०.०० | C | ० | ०.०० | C | १ | ४.८६ |
| | | जम्मा | ८ | ८६.३८ | ० | २ | २०.६३ | ० | ० | ०.०० | ० | ६ | ५१.६५ |
| ७ | सिगाने | | ४ | १९३.३२ | | ० | ०.०० | | ० | ०.०० | | ४ | १५१.८३ |
| | | जम्मा | ४ | १९३.३२ | २ | ० | ०.०० | ० | ० | ०.०० | ० | ४ | १५१.८३ |
| कुल जम्मा | | | ४९५ | ६०७१.१९ | ३ | १७१ | २३७३.९३ | ० | ३९ | ३८४.२७ | ० | २८५ | २५९३.८३ |
| साल दाउरा २।८० चट्टा | | | | | | | | | | | | | |

## हेटौंडा उपमहानगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति:२०८१/०४/२८**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालबाट प्रकाशित बोलपत्रको सुचना बमोजिम e-bidding मार्फत समय सीमाभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम मिति २०८१/०५/०४ गते दिनको ठिक २:०० बजे यस कार्यालयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने हुँदा उपस्थितीको लागि जानकारी गराईन्छ ।

| सि.न. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव मूल्याङकनबाट छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | |
|---|---|---|---|---|
| 1. | HSMC/ WORKS/ 06/080/81 | Padampokhari Main Road Upgrading Works, Hetauda-13 | 1. | M/S Subedi-Parajuli JV, Makawanpurgadi, Makawanpur |
| | | | 2. | M/S Rojina-Sahara JV, Hetauda, Makawanpur |
| | | | 3. | M/S Syarsekali-Quality JV, Hetauda, Makawanpur |
| | | | 4. | M/S Subash-Nivil-Hilltop JV, Nayabazar, Kathmandu |
| | | | 5. | M/S Chaudhary Nirman Sewa, Janakpur, Dhanusha |
| | | | 6. | M/S Saraswoti-Sagarmatha JV, Hetauda,Makawanpur |
| | | | 7. | M/S Timely Construction Pvt. Ltd., Hetauda, Makawanpur |
| | | | 8. | M/S B.I.S. Construction Pvt. Ltd., Dhulikhel, Kavre |

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

**Gauriganga Municipality**
**Office of Municipal Executive**
**Sudurpaschim Pradesh, Nepal**

**Invitation for Bids for the Supply of Medicines and Surgical items**

**First Date of publication: 2024/8/12 (28th Sharwan 2081)**

1. Gauriganga Municipality Kailali invites Electronic Bid from eligible bidders for the procurement of ***Medicines and Surgical Items with contract identification GGM/GOODS/NCB/01/2081/082*** under National competitive bidding – Single Stage Single Envelope procedures.

| Contract Id | Description | Estimated amount(without Vat, Vat should be added on vatable items only) Nrs | Bid doc Fee, Nrs | Bid Security, Nrs | Bid Security Validity | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| GGM/GOODS/ NCB/01/2081/082 | Procurement of Medicines and Surgical Items | Rs. 3909468/- | Rs. 3000 | Rs. 1,20,000 | 120 days from last date of submission | 2081/05/26 (2024/09/11), 12 PM | 2081/05/26 (2024/09/11), 1 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **The Office of Municipal Executive, *Gauriganga Municipality, Chaumala, Kailali*,**Tel No. 091-418060, Email: info.gaurigangamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Medicine Manufacture Must be WHO GMP/DDA Certified Company and Surgical Items must be ISO Certified Company.
4. The medicines and surgical items must have a minimum of 75% of Date Validity or 18 months whichever is more at the time of supply and those which have 3 months left before expiry date and unconsumed shall be exchanged by the supplier.
5. Bidder should download the bidding documents for e-submission from PPMO's WebSite www.bolpatra.gov.np./egp,
**Name of the Bank: NIC Asia Bank, Chaumala, Kailali**
**Name of Office: Gauriganga Municiality**
**Office Account no Rajaswa khata: 071-20500-2806-2002**
**Office Account no Dhaurati khata: 71CA500982524004**
6. Bidders must submit along with their bids Firm/Company Registrationn Certificate, Business Registration Certificate (License), PAN/ VAT Registration Certificate, Tax Clearance Certificate/ Extension Letter/Tax return submission evidence for the F/Y ***[2080/081]***, Power of Attorney, self decleration letter and Letter of Bid.

**Harish Pant**
**Under Secretary**



प्रधानमन्त्री केपी शर्मा ओलीले पूर्वाधार विकासको क्रमसँगै उत्पादन र रोजगारी वृद्धितर्फ ध्यान केन्द्रित गर्न लुम्बिनी प्रदेश सरकारलाई आग्रह गरेका छन्

वीरगञ्जको सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयको गोदाममा रहेको रासायनिक मल । कार्यालयका अनुसार रासायनिक मलको त्याब टेस्टको रिपोर्ट आउनेबित्तिकै सहजै ढंगले वितरण गरिनेछ



सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासन, आन्तरिक रोजगारी र समृद्धिको दूरदृष्टिसहित राष्ट्रिय नीतिको मस्यौदा तयार गरिएको दाबी

# श्रम आप्रवासन नीतिको मस्यौदा हस्तान्तरण



■ सौर्य समाचार

काठमाडौं । श्रम आप्रवासन नीतिको मस्यौदा तयार गर्न गठित विज्ञ टोलीले तयार पारेको मस्यौदा सरकारलाई बुझाएको छ । आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा विज्ञ टोलीका संयोजक डा.गणेश गुरुङले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीलाई मस्यौदा हस्तान्तरण गरेका हुन् । मन्त्री भण्डारीले राष्ट्रिय आप्रवासन नीति निर्माणका लागि मस्यौदा प्रभावकारी हुने विश्वास व्यक्त गरे । उनले समग्र श्रम आप्रवासन क्षेत्रको समस्या र चुनौती पहिचान गर्दै तयार पारिएको मस्यौदालाई सरकारी नीतिका रूपमा कार्यान्वयनमा ल्याउने बताए ।

उनले आप्रवासी नीतिले भइरहेको व्यवस्था र प्रणालीलाई व्यवस्थित एवं मर्यादित बनाउने, आप्रवासी श्रमिकलाई स्वदेशमा फिर्ता ल्याउने र विश्व बजारको मागअनुसार श्रम जनशक्ति उत्पादनलाई प्राथमिकता दिने बताए । 'दिनहुँ हजारौं मान्छे वैदेशिक रोजगारमा गइरहेका छन्, हामीले भाषण र दोषारोपण गरेर यो रोकिने अवस्था छैन । रोजगारीको विकल्प रोजगारी नै हो', उनले भने, 'नेपाली आप्रवासी श्रमिकको उचित श्रम मूल्य र मूल्यांकन हुनुपर्छ त्यसका लागि अब बन्ने आप्रवासी नीति र सरकारको परराष्ट्र नीतिमा हामीले ध्यान केन्द्रित गर्नु आवश्यक छ ।'

डा.गुरुङको संयोजकत्वमा गठित टोलीले ९ महिना लगाएर उक्त मस्यौदा तयार गरेको हो । मस्यौदामा ६ वटा नीति, २४ वटा रणनीति र रणनीति सम्बोधनका लागि ११३ वटा कार्यविधि राखिएको संयोजक गुरुङले जानकारी दिए । सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासन, आन्तरिक रोजगारी र समृद्धिको दूरदृष्टिसहित राष्ट्रिय नीतिको मस्यौदा तयार गरिएको डा.गुरुङको भनाइ छ ।

उनले भने, 'अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुरूप सुसूचित, सीपयुक्त, प्रतिस्पर्धी र व्यावसायिक श्रमशक्तिका विकासद्वारा श्रम आप्रवासनलाई स्वदेशमै स्वरोजगार बनाई बाध्यकारी श्रमको अन्त्य गर्नु यसको उद्देश्य हो ।' उक्त मस्यौदामा श्रम आप्रवासन व्यवस्थापन सुशासन कायम गर्ने र श्रम आप्रवासनसम्बन्धित सूचना र सेवामा सबैको पहुँच विस्तार गर्ने नीति छ । आप्रवासी श्रमिकको मानव अधिकारको संरक्षण गर्ने एवं लैंगिकताका कारण हुनसक्ने सबै किसिमका जोखिम न्यूनीकरण गर्ने नीति समावेश गरिएको छ ।

मस्यौदामा आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखी गन्तव्य मुलुकको श्रमबजारको माग र प्रवृत्तिअनुसार श्रमिकको सीप, दक्षताको पहिचान गर्ने उल्लेख छ । यस्तै श्रम आप्रवासनबाट फर्किएका श्रमिकको दिगो र सम्मानजनक पुनः एकीकरण गर्दै सामाजिक सुरक्षा सुनिश्चित गर्नेदेखि राष्ट्रियहित र आवश्यकताअनुरूप देशमा कार्यरत विदेशी श्रमिकको नियमन तथा व्यवस्थापन गर्ने मस्यौदामा समावेश छ । मन्त्रालयले उक्त समस्यौदामाथि थप सुझावका लागि आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्ने जनाएको छ ।

# च्याउ खेतीबाट बर्सेनि १० लाख आम्दानी

■ सौर्य समाचार

पर्वत । पर्वतको जलजला गाउँपालिका-८ फर्सेको साबित्री खत्री व्यावसायिक च्याउखेतीबाट मनग्य आम्दानी गर्न सफल भएकी छन् । विगत १० वर्षदेखि व्यावसायिक कृषिमा सक्रिय खत्रीले च्याउखेतीबाट बर्सेनि १० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएकी हुन् । ३ वटा गुम्बज टनेलमा उत्पादित कन्ये र गोब्रे च्याउ बागलुङ, म्याग्दी र कुश्माबजारमा खपत हुने गरेको उनले बताइन् । 'च्याउखेतीबाट भएको आम्दानीले उत्साहित छु, बजारको समस्या छैन', उनले भनिन् । गोब्रे च्याउ प्रतिकेजी ५०० र कन्ये २०० रुपैयाँमा बिक्री हुँदै आएको छ ।

कच्चा पदार्थसहितका सामग्री तयार गरेकी किसान खत्रीले ७ रोपनी जमिनमा मौसमअनुसार काँक्रो, घिरौला, बोडी, सिमी, करेला, भेन्टा, खुर्सानी, धनियाँ पनि उत्पादन गर्दै आएका छन् । 'हाइटेक टनेलमा बाह्रै महिना च्याउखेती गर्ने लक्ष्य छ, च्याउखेतीका लागि गाउँका किसानलाई सहयोग गर्ने रहेको छु', खत्रीले भनिन् । श्रीमानको सहयोगमा उत्पादित सागसब्जी बजार पुऱ्याउने गरेको उनले सुनाइन् । जलजलामा व्यावसायिक रूपमा लाग्ने किसानको आकर्षण बढेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत फणिन्द्रप्रसाद आचार्यले बताए । 'गाउँपालिकाले पनि प्रोत्साहन गरिरहेको छ, च्याउखेतीमा अनुदान बढाउँछौं', उनले भने ।

# पारवहन लागत कम गर्न उद्योगमन्त्रीद्वारा छलफल

■ सौर्य समाचार

काठमाडौं । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कोलकाता पोर्टको अवलोकन गरेका छन् । अवलोकनका क्रममा उनले पोर्टका अध्यक्ष रथेन्द्र रमन लगायतका उच्च अधिकारीहरूसँग नेपालको पारवहन व्यापार प्रक्रिया सहजीकरण तथा लागत कम गर्ने विषयमा छलफल गरेका हुन् । अवलोकन भ्रमणका क्रममा मन्त्री भण्डारीले भूपरिवेष्टित मुलुकले प्राप्त गर्ने व्यापार सौविध्यता, पारवहन व्यापार सबलीकरण, 'ट्रान्सिसिपमेन्ट मोडालिटी', भण्डारण जाँचपास लगायतका विषयमा जानकारी लिए ।

नेपालका तर्फबाट पारवहन लागत कम गर्ने विषयमा राखेको मन्त्री भण्डारीको जिज्ञासामा त्यहाँका प्रतिनिधिले चीनबाट हल्दिया र कोलकातामा सिधा कार्गो जहाजको व्यवस्था गरिएकाले सिंगापुरमा गरिने ट्रान्सिसिपमेन्ट लागत कम भई सम्पूर्ण लागत नै घट्ने जानकारी दिएका छन् । पारवहन लागतको १० प्रतिशत मात्रै पोर्ट लागत भएकाले थप सहुलियत दिन सकिने पोर्टका अधिकारीहरूले बताएको मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले जानकारी दिए । नेपाली महावाणिज्य दूतावास एवं नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको समन्वयमा छलफल भएको थियो ।

अवलोकन भ्रमणमा कोलकातास्थित महावाणिज्य दूतावासका पदाधिकारी लगायतको उपस्थिति थियो । तेस्रो मुलुकसँगको व्यापारमा देखिएका प्रक्रियागत समस्या, आयातकर्ता र निर्यातकर्ताका समस्याका विषयमा जानकारी लिई कोलकातास्थित महावाणिज्य दूतावास तथा गोदाम कम्पनी लिमिटेडलाई सहजीकरण गरी परिणाममुखी भएर काम गर्न मन्त्री भण्डारीले निर्देशन दिए ।

# राजस्व दर वृद्धिको विरोधमा व्यवसायीद्वारा आन्दोलन घोषणा

■ छवि अनित्य



हेटौंडा । हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि राजस्वको दर वृद्धि गरेको विरोधमा व्यवसायीहरूले चरणबद्ध आन्दोलनको घोषणा गरेका छन् । मकवानपुर उद्योग वाणिज्य संघको आइतबार साँझ बसेको बैठकले राजस्व दर वृद्धिको विरोधमा पहिलो चरणमा सोमबारदेखि शुक्रबारसम्मका लागि ५ दिने आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

संघका उपाध्यक्ष उज्ज्वल चौलागाईंकाअनुसार व्यवसायीहरूले उपमहानगरपालिकाले गरेको राजस्व दर वृद्धिको विरोधमा विभिन्न राजनीतिक दलहरूसँग छलफल गर्दै ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको छ । यस्तै व्यवसायीहरूका समस्यालाई स्थानीय सरकारले बेवास्ता गरेकाले सोको प्रतीकात्मक विरोध स्वरूप दिउँसै मैनबत्ती बालेर सरकार कहाँ छ ? भनी खोज्ने र पाँचौं दिन आआफ्ना व्यापार व्यवसाय बन्द गरेर उपमहानगरपालिकालाई साँचो बुझाउने कार्यक्रम तय भएको चौलागाईंले जानकारी दिए ।

व्यापार व्यवसाय सुस्ताएको अवस्थामा कतिपय करको दर शतप्रतिशतसम्म वृद्धि गरेर स्थानीय सरकारले अन्याय गरेको व्यवसायीहरूको भनाइ छ । संघले आइतबार हेटौंडा उपमहानगरपालिकासँग चालु आर्थिक वर्षका लागि राजस्वको दर वृद्धि गर्ने प्रक्रियाको चरणबद्ध निर्णय मागसमेत गरेको छ । राजस्व परामर्श समिति, कार्यपालिका र नगरसभा तीनै चरणमा राजस्व वृद्धि गर्ने निर्णयको प्रति उपलब्ध गराउन माग गर्दै संघले उपमहानगरपालिकाका प्रमुखप्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमलाई पत्र बुझाएको हो । संघका अध्यक्ष कृष्णकुमार गुप्तासहितको टोलीले आइतबार नै कानुन व्यवसायीसँगको परामर्शपछि प्रमुख प्रशासकीय अधिकृतलाई पत्र बुझाएको हो ।


पत्र बुझ्दै प्रमुखप्रशासकीय अधिकृत गौतमले राजस्व वृद्धि गर्ने प्रक्रियामा कमजोरी भएको स्वीकार गरेका छन् । उनले सरोकारवालाहरूसँग पर्याप्त छलफल नगर्दै राजस्वको दर परिवर्तन गर्ने निर्णय लिइएकाले अहिलेको विवाद देखिएको बताए । करको दर वृद्धि गर्ने विषयमा स्पष्ट छलफल नभएको नगरसभा र कार्यपालिकाका सदस्यहरूले समेत बताउँदै आएका छन् ।

# ८ वर्षमा आधा घट्यो विद्युत् चुहावट

■ सौर्य समाचार

काठमाडौं । नेपाल विद्युत् प्राधिकरणले विगत ८ वर्षको अवधिमा प्रसारण तथा वितरण प्रणालीमार्फत भइरहेको विद्युत् चुहावटलाई आधा घटाएको छ । आर्थिक वर्ष (आव) २०७२/०७३ मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत भइरहेको विद्युत् चुहावटलाई यस अवधिमा आधा घटाएर गत आव २०८०/०८१ मा १२ दशमलव ७३ प्रतिशतमा सीमित गरिएको छ । विद्युत् चुहावटमध्ये प्रसारण लाइनतर्फ ३ दशमलव ३३ प्रतिशत र वितरणतर्फ ९ दशमलव ४० प्रतिशत रहेको छ । ८ वर्षअघि २५ दशमलव ७८ प्रतिशत चुहावटमध्ये १९ दशमलव ८० प्रतिशत वितरण र बाँकी प्रसारणतर्फ थियो ।

विद्युत् चुहावटलाई आव २०७३/०७४ मा २२ दशमलव ९० प्रतिशत, २०७४/०७५ मा २० दशमलव ४५ प्रतिशत, २०७५/०७६ मा १५ दशमलव ३२ प्रतिशत, २०७६/०७७ मा १५ दशमलव २७ प्रतिशतमा झारिएको थियो । आव २०७७/०७८ मा भने चुहावट बढेर १७ दशमलव १८ प्रतिशत पुगेको थियो । त्यसपछि चुहावटलाई आव २०७८/०७९ मा १५ दशमलव ३८ र आव २०७९/०८० मा १३ दशमलव ४६ प्रतिशतमा झारिएको थियो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुहावट नियन्त्रणका लागि चालिएका कदमलाई थप व्यवस्थित र प्रभावकारी बनाएर ८ वर्षको अवधिमा चुहावट नियन्त्रणमा ठूलो सफलता हासिल भएको बताए । कार्यकारी निर्देशक घिसिङले लोडसेडिङ अन्त्य भई नियमित रूपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चालिएका कदमले वितरणतर्फको विद्युत् चुहावट नियन्त्रणमा सकारात्मक प्रभाव परेको उल्लेख गरे ।




'प्रणालीमा विद्युत् चुहावट हुँदा प्रत्यक्ष रूपमा अर्बौं रकम आम्दानी गुमिरहेको थियो, प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रण गर्न सञ्चालन गरिएका अभियानबाट वितरणतर्फको विद्युत् चुहावट उल्लेख्य रूपमा घटी यो अनुपात छिमेकी देशहरू भन्दा कम भएको छ', कार्यकारी निर्देशक घिसिङले भने, 'चुहावट नियन्त्रणबाट मात्र यस अवधिमा प्रतिवर्ष करिब १२ अर्ब रुपैयाँ थप आम्दानी भएको छ, गुमिरहेको रकम उठाउन सफलता मिल्दा यसको प्रत्यक्ष सकारात्मक प्रभाव प्राधिकरणको नाफामा देखिएको छ, नाफाबाट आर्जन भएको रकमलाई प्रणाली विस्तार र सुधारमा लगानी गरिरहेका छौं, अब चुहावटलाई एकल अंक (सिंगल डिजिट)मा झार्ने लक्ष्य राखी काम अगाडि बढाइरहेका छौं ।' आव २०७२/०७३ मा ८ अर्ब ८९ करोड रुपैयाँ खुद नोक्सानीमा रहेको प्राधिकरणले आव २०७३/०७४ मा १ अर्ब ५० करोड रुपैयाँ खुद नाफा कमाएको थियो । त्यसपछि निरन्तर नाफामा रहेको प्राधिकरणको नाफा गत आवमा १३ अर्ब ३१ करोड रुपैयाँ (अन्तिम लेखापरीक्षण हुन बाँकी) पुगेको छ । ८ वर्षअघि ३४ अर्ब ६१ करोड रुपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण गत आवमा ४७ अर्ब ४१ करोड रुपैयाँ सञ्चित नाफामा पुगेको छ । ठूला क्षमताका प्रसारण लाइन तथा सबस्टेसन सञ्चालन, सबस्टेसन क्षमता वृद्धि तथा सुदृढीकरण, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्रि फेज तथा स्मार्ट मिटरको प्रयोगलाई प्रोत्साहन गर्ने लगायतका कदमले प्राविधिक चुहावट नियन्त्रण भएको हो । घिसिङले वितरण तथा ग्राहक सेवा अन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृह प्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएको बताए । प्राधिकरणले गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारवाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने, मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकै रूपमा चलाइरहेको छ । प्राधिकरणले आफ्ना हरेक वितरण केन्द्रहरूलाई प्रत्येक वर्ष चुहावट नियन्त्रणको लक्ष्य दिई सोहीअनुसार कियाकलापहरू सञ्चालन गरिरहेको छ ।

## कर्पोरेट

### पोखरामा एमएडब्लूको सोरुम



काठमाडौं । एमएडब्लू वृद्धि कर्मसियल भेइकल्स प्रालिको पोखरामा सोरुम खुलेको छ । नेपालमा व्यावसायिक सवारी साधनको बिक्रीवितरणमा अग्रणी कम्पनी एमएडब्लूले पोखराको बुद्धचोकमा सोरुम सञ्चालनमा ल्याएको हो । सोरुमको आइतबार गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री राजीव गुरुङ (दीपक मनाङे), एमएडब्लूका सिइओ तुषार गुप्ताले उद्घाटन गरे । सो अवसरमा भौतिक मन्त्री गुरुङले देशमा जलविद्युत्को द्रुत विकास भइरहेकाले विद्युतीय सवारीसाधनको संख्या बढ्नुपर्ने बताए ।

कम्पनीका सिइओ तुषार गुप्ताले ग्राहकलाई सेवा दिन देशका कुना-कुनामा सेल्स एन्ड सर्भिस नेटवर्कको विकास गर्ने बताए । सबै प्रदेशका ग्राहकलाई फोटोन र सोकोन प्लान्ट भ्रमणका लागि पठाउने योजना बनाएको उनले सुनाए । सोरुमबाट फोटोन र सोकोनका व्यावसायिक सवारी उपलब्ध गराउने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार फोर्टनको हाइरुफ इभी भ्यान, टुनल्यान्ड र टिएम वानसहितका सवारी पोखरामै उपलब्ध भएको हो । सोकोन मोटर्सको बहुमुखी भ्यान पनि उपलब्ध छन् ।

### कन्टेन्ट प्रतियोगिता आयोजना गर्दै जगदम्बा मोटर्स




काठमाडौं । जगदम्बा मोटर्सले नेपाली सोसल मिडिया एप पोस्टामसँग सहकार्य गर्दै नेपालकै सबैभन्दा ठूलो कन्टेन्ट प्रतियोगिताको आयोजना गर्ने भएको छ । नेपालभरका कन्टेन्ट क्रिएटरहरूलाई आफ्नो कला देखाउँदै रोमाञ्चक पुरस्कारहरू जित्न प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो । उक्त प्रतियोगिता पोस्टमको प्लेटफर्ममा हुने बताइएको छ । कम्पनीका अनुसार सो प्रतियोगिता एक ऐतिहासिक र नेपाली कन्टेन्ट क्रिएटरहरूका लागि सबैभन्दा ठूलो पुरस्कार राशि रहेको हो ।

टिभिएस नेपालकी प्रोडक्ट हेड करुणा पुडासैनीले यस प्रतियोगिताको लागि पोस्टाम एपसँग साझेदारी गर्न पाउँदा निकै उत्साहित रहेको बताइन् । साथै यो प्रतियोगिता कन्टेन्ट क्रिएटरलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने उत्कृष्ट अवसर प्रदान गर्ने बताइन् । त्यस्तै पोस्टमका प्रमुख कार्यकारी अधिकृत र सह-संस्थापक रोनिश दाहालले यो प्रतियोगिताले कन्टेन्ट क्रिएसनलाई आफ्नो करियरको रूपमा स्थापित गर्न नेपालभरका कन्टेन्ट क्रिएटरहरूलाई मद्दत गर्ने कुरामा विश्वस्त रहेको बताए । कन्टेन्टको क्वालिटी र इंगेजमेन्टको आधारमा टप १०० जना छनोट हुने आयोजकले बताएको छ ।

### नेपाल र भियतनामबीच २ चार्टर उडान गर्दै रुप्से होलिडेज

काठमाडौं । काठमाडौंको हात्तीसारमा कार्यालय रहेको रुप्से होलिडेजले नेपाल र भियतनामबीच पर्यटक आदानप्रदान गर्न थप २ वटा चार्टर उडान गर्ने भएको छ । नेपाल र भियतनामबीच पर्यटक आदानप्रदान गर्न कम्पनीले यसअघि पनि सफलतापूर्वक चार्टर उडान पूरा गरिसकेको छ । आगामी दसैंको टिकालगत्तै असोज ३० गते अर्थात् अक्टोबर १६ बाट ५ दिनका लागि नेपालबाट भियतनाम र भियतनामबाट नेपाल पर्यटक आदानप्रदान गर्न चार्टर उडान गर्न लागिएको हो । भियतनामबाट नेपाल आउने भियतनामी पर्यटकलाई भक्तपुर, नगरकोट, काठमाडौं दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, स्वयम्भू र बौद्धनाथको दर्शन गराउने गरी कार्यक्रम तयार भएको छ । त्यसैगरी नेपालबाट भियतनाम घुम्न जाने पर्यटकका लागि ५ दिनको टुर प्याकेज तयार पारिएको छ । भियतनामको राजधानी हानोई आसपासका पर्यटकीय गन्तव्यमा नेपाली पर्यटकलाई घुमाइने गरी तयारी भएको छ । भियतनाम भ्रमणका लागि सबै शुल्क जोडेर १ लाख ९ हजार ९९९ रुपैयाँको प्याकेज सार्वजनिक गरेको छ । उक्त मूल्यमा भियतनामको दुईतर्फी हवाई टिकट, भिसा लेटर, एयरपोर्टबाट पिकअप तथा ड्रप, ब्रेकफास्टसहित होटेलको कोठा, स्थानीय टुरका लागि हुने खर्च, गाइड तथा यातायातको खर्च समावेश गरिएको छ ।


### कोका-कोलाको 'मेगा डिस्काउन्ट अफर'

काठमाडौं । नेपालको लोकप्रिय बेभरेज ब्रान्ड कोका-कोलाले गर्मीको अवसर पारेर उपभोक्ताहरूको लागि फेरी अर्को विशेष अफर लिएर आएको छ । यो सीमित अवधिको 'मेगा डिस्काउन्ट अफर' अन्तर्गत २ लिटरको कोका-कोला, स्प्राइट र फ्यान्टाको खरिदमा उपभोक्ताले १ सय ९९ रुपैयाँको छुट पाउनेछन् । साथै २ दशमलव २५ लिटरको प्याक भने मात्र २५० रुपैयाँमा खरिद गर्न सकिनेछ जसको खास मूल्य २७० रुपैयाँ छ ।


२ र २ दशमलव २५ लिटरको कोका-कोला, स्प्राइट र फ्यान्टा प्याक परिवार, साथीभाइ र अन्य जमघटमा उपभोग गर्न उपयुक्त हुन्छ । उपभोक्ताहरूले नजिकैको खुद्रा बिक्रेता र सुपरमार्केटमा कोक, स्प्राइट र फ्यान्टा खरिद गरी यस मेगा डिस्काउन्टको भरपुर फाइदा उठाउन सक्नेछन् ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



ओलम्पिकको महिला म्याराथनको स्वर्ण विजेता नेदरल्यान्ड्सकी सिफना हसन



पेरिस ओलम्पिकमा महिला टिम स्पर्धामा स्वर्ण पदक विजेता चिनियाँ टेबलटेनिस टोली

■ पेरिस ओलम्पिक सम्पन्न

# पदक तालिकामा अमेरिका पहिलो स्थानमा









**पदक तालिका**

| Team | | | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|---|---|
| 1 | | USA | 40 | 44 | 42 | 126 |
| 2 | | CHN | 40 | 27 | 24 | 91 |
| 3 | | JPN | 20 | 12 | 13 | 45 |
| 4 | | AUS | 18 | 19 | 16 | 53 |
| 5 | | FRA | 16 | 26 | 22 | 64 |
| 6 | | NED | 15 | 7 | 12 | 34 |



■ **एजेन्सी**

पेरिस । पेरिस ओलम्पिक २०२४ को भव्यताका साथ समापन भएको छ । आप्रवासी टोली र स्वतन्त्रसहित २०६ टोलीले २७ जुलाईदेखि भएको महोत्सवमा ३२ खेलमा ३२९ इभेन्ट समावेश थिए। ओलम्पिकमा अमेरिकाले स्वर्ण पदकमा चीनसँग बराबरी गर्दै पहिलो स्थान पायो । दुवै टोलीले ४० स्वर्ण पदक जिते । अमेरकाले ४४ रजत तथा ४२ कास्य पदक हात पारेको हो। चीनले २७ रजत तथा ४० कास्य पदक जित्यो । तेस्रो भएको जापानले २० स्वर्ण, १२ रजत तथा १३ कास्य पदक जित्यो ।

धेरै खेलाडी प्रतिस्पर्धाका बीच रजत पदकमा चित्त बुझाउन बाध्य भएपछि अमेरिका मुस्किलले पहिलो भएको हो ।

चीनको यो सफलतामा डाइभिङ र टेबलटेनिस मुख्य बने । डाइभिङमा रहेका ८ तथा टेबलटेनिसमा रहेका ५ स्वर्ण सबै चीनले जितेको हो । अमेरिकालाई सफलता दिलाउन एथलेटिक्सको भूमिका सबैभन्दा महत्वपूर्ण थियो । एथलेटिक्समा अमेरकाले १४ स्वर्ण पदक जित्यो ।

महिला १०० मिटरमा सेन्ट लुसियाकी अल्फ्रेड जोन्सनले अमेरिकाकी साकारी रिचर्डसनलाई स्तब्ध पारिन्। यसैगरी, नोह लायस कोभिड संक्रमित भएपछि १०२ डिग्री ज्वरोको बीचमा प्रतियोगितामा सहभागिता जनाएका थिए। स्वर्ण पदकका प्रबल दाबेदार उनी कास्य पदकमा सीमित भए । पुरुष ४ गुणा १०० मिटर रिलेमा अमेरिकी टोली दाबेदार भए पनि ब्याटन साट्दा भएको कमजोरीले अयोग्य घोषित भएको थियो ।

१ दिनअघि १ स्वर्ण पदकको अग्रता लिएको चीनका लागि अन्तिम दिन भारोत्तलनको महिला ८१ किलोभन्दा माथिको तौल समूहमा लि वेन लीले स्वर्ण पदक जितिन्। २ स्वर्ण पदकले पछि परेको अमेरिका ४ स्वर्णका लागि प्रतिस्पर्धामा थियो । महिला भलिबलको फाइनलमा इटालीले अमेरिकालाई सोझो सेटमा हरायो । कुस्तीको महिला फ्रिस्टाइल ७६ किलोमा अमेरिकाकी केनेडी एलेक्सिस पनि जापानकी युका कागामीसँग पराजित भइन्। साइक्लिङको महिला अपपिममा अमेरिकाकी जेनिफर फालेन्टीले स्वर्ण पदक जितिन्।

प्रतियोगिताको अन्तिम स्पर्धा महिला बास्केटबलमा फ्रान्सलाई हराउँदै अमेरिका तालिकामा पहिलो भएको हो ।

## सन्तोषी ७८औं स्थानमा

अन्तिम प्रतिस्पर्धी रूपमा रहेकी नेपालकी सन्तोषी श्रेष्ठ म्याराथनमा ७८औं स्थानमा रहिन्। ८० जनाले रेस पूरा गरेका थिए। उनीभन्दा पछि भुटानकी लामो किन्जाङ रहेकी छिन् । सन्तोषीले २ घन्टा ५५ सेकन्डमा दौड पूरा गरेकी हुन् । सो समय विजेता नेदरल्यान्डकी सिफाना हसिनको भन्दा ३२ मिनेट ११ सेकेन्ड ढिला हो। हसनले २ घन्टा २२ मिनेट ५५ सेकेन्डमा दुरी तय गरेकी हुन्। इथोइपियाकी टिस्ट असिफाले २ घन्टा २२ मिनेट ५८ सेकेन्डमा रेस पूरा गरिन्। केन्याकी हेलेन ओरबीले २ घन्टा २३ मिनेट १० सेकेन्डमा रेस पूरा गरेकी हुन्।

नेपालका ७ जना खेलाडी सहभागी भए पनि स्यान्टु श्रेष्ठ मात्र छनोट भएका हुन् । एथलेटिक्समा वर्ल्ड एथलेटिक्सले ताकेको योग्यताभन्दा नेपाल धेरै पछि भए पनि वाइल्डमार्फत सहभागिता भएको हो । ओलम्पिकमा एथलेटिक्स र पौडीमा योग्यता र मापदण्ड पूरा नभए पनि सबै देशलाई सहभागी गराउने नीति छ। यसपटक युक्रेनमा भएको आक्रमणमा रुस र बेलारुसमाथि लागेको प्रतिबन्धका कारण धेरै खेलमा कोटा खाली भएकाले वाइल्ड कार्ड धेरै वितरण भएको हो ।

## ओलम्पिकमा चर्चाका घटना

इमाइन खालिफ यस ओलम्पिकको अर्को चर्चाका कारण बनिन्। अल्जेरियाकी मुक्केबाज उनले फाइनलमा चिनियाँ खेलाडीलाई हराएर स्वर्ण पदक जितिन् । उनको जित अन्यको भन्दा धेरै अर्थमा विशेष पनि थियो ।

गत वर्ष भएको विश्व च्याम्पियनसिपको दौरान विश्व बक्सिङ महासंघले उनको जेन्डर आइडेन्टीटीलाई पुष्टि गर्न नसकेको भन्दै प्रतिबन्ध लगाएको थियो । यसै वर्ष अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले बक्सिङ महासंघको निर्णयलाई आधारहीन भन्दै उनलाई खेल्न दिएको थियो । सो सफलतासँगै बक्सिङमा स्वर्ण पदक जित्ने महिला अल्जेरियाली महिला मात्र भएकी छैनन्, पहिलो अफ्रिकी तथा पहिलो अरब महिला समेत भएकी छन् ।

यस ओलम्पिकमा सबैले सम्झनलायक व्यक्तिको रूपमा सेन्ट लुसियाकी धाविका जुलियन अलफ्रेड भइन्। उनले महिला १०० मिटर दौडको उपाधि जितेर संसारलाई आश्चर्यमा पारिन्।

शनिबार साँझको समयमा चीनको तुलनामा पदक तालिकामा धेरै पछि अमेरिकालाई तालिकाको प्रतिस्पर्धामा फर्काउने क्रममा टिम गेमका २ स्वर्ण पदक रहेका थिए । महिला फुटबलको स्वर्ण ब्राजिललाई १-० ले हराउँदै अमेरिकाले जितेको हो। यस ओलम्पिकमा क्वार्टर फाइनलदेखि अमेरिकाले विपक्षीलाई १-० कै अन्तरले हराएको हो । सन् २०१२ को लन्डन ओलम्पिकपछि अमेरिकाले पहिलोपटक महिला फुटबलको उपाधि जितेको हो ।

पुरुष बास्केटबलमा अमेरिकाले फ्रान्सलाई हराउँदै स्वर्ण पदक जितेको हो । अमेरिका लगातार पाँचौंपटक च्याम्पियन भएको हो । उपाधि यात्रामा अमेरिकाले सर्बियासँगको सेमिफाइनलमा १७ अंकको अन्तरबाट कम ब्याक गर्दै जित हात पारेको हो ।

अमेरिकी पौडीबाज केटी लेडेकी, जिम्न्यास्ट सिमोन वाइल्स, पौडीबाज केलेब ड्रेसेलका लागि यो अन्तिम ओलम्पिक पनि हुन सक्छ । लेडेकी र बाइल्सले व्यक्तिगत स्पर्धामा सफलता पाए पनि ड्रेसेलले भने पाएनन् ।

यस ओलम्पिकमा केही अस्वाभाविक घटना भए । सेन नदीको खराब पानीको कारण ट्रायथलनको स्पर्धा निर्धारितभन्दा पछि भएको थियो । यसले म्याराथन पौडी र मोर्डन पेन्टाथनलाई पनि असर गर्ने आशंका भए पनि त्यसो हुन पाएन ।

पहिलो 'पोस्ट पेन्डामिक ओलम्पिक'को रूपमा रहेको यो ओलम्पिकमा ४० भन्दा बढी खेलाडी कोभिड संक्रमणबाट संक्रमित भए । यसभन्दा अघि सन् २०२१ मा भएको टोकियो ओलम्पिक तथा अर्को वर्ष चीनमा भएको शीतकालीन ओलम्पिकमा कोभिडबाट बच्न सुरक्षाका लागि कडा मापदण्ड अपनाइएको थियो ।

त्यसो त सेन नदीमा उद्घाटन भएर प्रतियोगिता अघि बढेको थियो । ओलम्पिक इतिहासका लागि त्यो नै अनुपम थियो । एक शताब्दीअघि सन् १९२४ मा ओलम्पिकको आयोजना भएको पेरिसमा एक शताब्दीपछि पनि ओलम्पिक महोत्सवको आयोजना हुनु अर्को संयोग थियो ।

ओलम्पिकका २ खेलमा चीनले क्लिनस्विप गरेको थियो । डाइभिङमा रहेका ८ वटै स्वर्ण पदक चीनले जितेको हो । यसैगरी, टेबल टेनिसमा पनि चीनले क्लिनस्विप गरेको हो । चीनको यो सफलतामा सुटिङ र भारोत्तोलनले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । अमेरिकाको हकमा एथलेटिक्सको सफलता प्रमुख थियो । एथलेटिक्समा अमेरिकाले १४ स्वर्ण पदक जितेको हो ।

**विश्व**

# रूसी ड्रोन खसालेको दावी



■ **एजेन्सी**

मस्को । युक्रेनको वायुसेनाले रसियाको ५३ ड्रोन खसालेको दाबी गरेको छ। रुसले गए राति युक्रेनमा गरेको आक्रमणको बारेमा केही अद्यावधिक तथ्यांक सार्वजनिक गर्दै सो जानकारी दिएको हो ।

युक्रेनको वायुसेनाले भर्खरै भनेको छ कि उनीहरूले ५७ आक्रमण ड्रोनहरू मध्ये ५३ लाई खसालेको छ । सो वायुसेना बलको टेलिग्राम खातामा भएको पोस्टले ओडेसा, कीभ, सुमी र चेरकासीसहित ड्रोनहरू नष्ट भएका धेरै क्षेत्रहरूको सूची दिइएको छ । यो पनि भनिन्छ कि ४ उत्तर कोरियाली मिसाइलहरू आक्रमणको भागको रूपमा प्रयोग गरिएको थियो ।

यसअघि राष्ट्रपति जेलेन्स्कीले राजधानीको ठिक पूर्वमा राति भएको आक्रमणमा उत्तर कोरियाले बनाएको मिसाइलका कारण २ व्यक्तिको मृत्यु भएको बताएका थिए ।

# अमेरिकामाथि हसिनाको ठूलो आरोप

■ **एजेन्सी**

लन्डन । बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनाले अमेरिकामाथि ठूलो आरोप लगाएकी छन्। हाल भारतमा बस्दै आएकी शेख हसिनाले सेन्ट मार्टिन टापु हस्तान्तरण नगरेको कारण अमेरिकाले सत्ताबाट हटाएको बताएकी छन्। सेन्ट मार्टिन टापु पाएपछि बंगालको खाडीमा अमेरिकाको प्रभाव बढ्ने शेख हसिनाले बताएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

हाल भारतमा शरणार्थी जीवन जिइरहेकी हसिनाले पहिलोपटक मुख खोलेकी हुन् । शेख हसिनाले आफ्नो सन्देशमा बंगलादेशी नागरिकहरूलाई कट्टरपन्थीहरूबाट भ्रममा नपर्न चेतावनी दिएकी छन् । आफ्ना नजिकका सहयोगीहरूमार्फत पठाइएको र इटीलाई उपलब्ध गराइएको सन्देशमा शेख हसिनाले भनिन्, 'मैले शवको जुलुस हेर्न नपरोस् भनेर राजीनामा दिएँ । उनीहरू विद्यार्थीहरूको शवमाथि सत्तामा आउन चाहन्थे तर मैले यो हुन नदिई प्रधानमन्त्री पदबाट राजीनामा दिएँ ।'

शेख हसिना थप भन्छिन्, 'यदि म देशमा बसेको भए, धेरै ज्यान गुमाउने थिए, र धेरै स्रोतहरू नष्ट हुने थिए । मैले छोड्ने धेरै गाह्रो निर्णय लिएँ । म तपाईंको नेता भएँ किनकि तपाईंले मलाई छान्नुभयो, तपाईं हुनुहुन्छ । धेरै नेताको हत्या भएको कार्यकर्तालाई उत्पीडन



गर्ने, घरमा तोडफोड र आगजनी भएको खबर सुनेर मेरो मन आँसुले भरिएको छ, सर्वशक्तिमान अल्लाहको कृपाले म चाँडै फर्कनेछु । '

शेख हसिनाले अवामी लिगले बारम्बार आवाज उठाएको बताएकी छन् । 'म सधैं बंगलादेशको भविष्यको लागि प्रार्थना गर्नेछु, जुन राष्ट्रका लागि मेरा महान् बुबाले लडेका थिए, जुन राष्ट्रका लागि मेरा पिता र परिवारले आफ्नो जीवन बलिदान दिए ।'

आरक्षण आन्दोलन र विद्यार्थी आन्दोलनको सन्दर्भमा हसिनाले भनिन्, 'म बंगलादेशका युवा विद्यार्थीहरूलाई दोहोर्‍याउन चाहन्छु कि मैले तपाईंलाई रजाकार भनेकी थिइनँ, तर मेरा शब्दहरू तपाईंहरूलाई उक्साउनका लागि मोडिएको थियो । म तपाईंलाई दोहोर्‍याउन चाहन्छु । म तपाईंलाई दिनको पूरा भिडियो हेर्न अनुरोध गर्दछु । षड्यन्त्रकारीहरूले तपाईंको निर्दोषताको फाइदा उठाए र तपाईंलाई राष्ट्रलाई अस्थिर बनाउन प्रयोग गरे ।'

यसैबीच, बंगलादेशको २५औं प्रधानन्यायाधीश सैयद रेफात अहमदले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति मोहम्मद शहाबुद्दीनले आइतबार बंगभवनस्थित दरबार हलमा पद तथा गोपनीयताको शपथ गराएका हुन् । शनिबार सैयद रेफात अहमदलाई राष्ट्रपतिले नियुक्त गरेका थिए । यस सम्बन्धमा कानुन मन्त्रालयले एक सूचना जारी गरेको छ ।

राष्ट्रपतिले जनवादी गणतन्त्र बंगलादेशको संविधानको धारा ९५ (१) बमोजिम आफूलाई दिइएको शक्तिको प्रयोग गर्दै सर्वोच्च अदालतको उच्च अदालत डिभिजनका न्यायाधीश सैयद रेफात अहमदलाई बंगलादेशको प्रधानन्यायाधीशमा नियुक्त गरिएको जनाइएको छ । सैयद रेफात अहमदको जन्म २८ डिसेम्बर १९५८ मा भएको थियो । उनका बुबा ब्यारिस्टर सैयद इस्तियाक अहमदले बंगलादेशका पूर्व महान्यायाधिवक्ताको रूपमा काम गरेका थिए । उनकी आमा, डा.सुफिया अहमद, बंगलादेशकी राष्ट्रिय प्राध्यापक र ढाका विश्वविद्यालयमा इस्लामिक इतिहास र संस्कृतिका प्रमुख प्राध्यापक थिइन् ।

भेदभाव विरोधी विद्यार्थी आन्दोलनले यसअघि सैयद रेफात अहमदलाई प्रधानन्यायाधीश नियुक्त गर्न माग गरेको थियो । त्यसलगत्तै ओबैदुल हसनले बंगलादेशको न्यायिक निकायको प्रमुख पदबाट राजीनामा दिएका थिए । पछि पुनरावेदन महाशाखाका न्यायाधीश मोहम्मद अशफाकुल इस्लाम कायम मुकायम प्रधानन्यायाधीशमा नियुक्त गरिएको थियो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी